का.जि.प्र.का.द.नं. १००/०४९/५०
२८ भदौ २०८२
शनिबार
13 September 2025
Saturday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २२३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम सरकार
# राष्ट्रपतिको शुभकामना– सफल हुनुस्, देश बचाउनुस्




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ भदौ

नयाँ सरकार प्रमुखमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की आएकी छन् । चार दिनको राजनीतिक संकट चिर्दै नेपालले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार पाएको हो । शुक्रबार दिनभर भएको छलफलपछि प्रतिनिधिसभा विघटन गर्ने सहमति जुट्यो र मुलुकले नयाँ सरकार पाउन सक्यो । नयाँ सरकारको प्रमुख कार्की पूर्वप्रधानन्यायाधीश हुन् । उनी पहिलो महिला प्रधानन्यायाधीश थिइन् । पहिलो महिला सरकार प्रमुख भएर अर्को नयाँ रेकर्ड कायम गरेकी छन् । शीतल निवासमा आयोजित विशेष समारोहबीच राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीलाई पद तथा गोपनीयताको शपथ खुवाइन् । पदन तथा गोपनीयताको शपथपछि बधाई दिँदै राष्ट्रपति रामचन्द्र पौडेलले >>> पृष्ठ २ मा

## टरेको छैन संकट


अन्तरिम सरकार गठनसँगै मुलुकले तत्कालका लागि निकास पाए पनि संकट भने कायमै छ ।

किनभने नयाँ सरकारलाई चेक एन्ड ब्यालेन्स गर्न संसद् रहने छैन । यस्तोमा सरकारमाथि खबरदारी गर्नुपर्‍यो भने सिधै सडकमा जानुपर्ने हुन्छ । जसका कारण संवैधानिक संकटसँगै राजनीतिक र सामाजिक अस्थिरता कायमै रहन सक्छ । प्रतिनिधि सभाले गरेका कामको वैधतामाथि पनि प्रश्न कायमै रहन्छ । उदाहरणका लागि संघीय संसद्का दुवै सदनले पारित गरेको संघीय निजामती सेवा विधेयक राष्ट्रपतिकहाँ पुग्नै बाँकी छ ।

संविधानमा प्रतिनिधि सभाको कार्यकाल रहेको वा विघटन भएको अवस्थामा सभामा रहेका सबै बिजनेस स्वतः शून्यमा पुग्ने >>> पृष्ठ २ मा



# अवकाशको मोडमा शीर्ष नेता



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २७ भदौ

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा हुन् वा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, अथवा माओवादी केन्द्रमा ३५ वर्षदेखि नेतृत्व गरिरहेका पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका माधव नेपाल । सबै नेता ७० वर्ष नाघेका छन् । पहिलो र दोस्रो जनआन्दोलनका उपलब्धिको जगमा टेकेर उनीहरू नै निरन्तर सत्ता र शक्तिमा हालिमुहाली गर्दै आएका छन् । भर्खरैको जेनजी विद्रोहपछि भने यी वयोवृद्ध नेताहरूको राजनीतिक भविष्य करिब अन्त्य भएको विश्लेषण हुन थालेको छ ।

भ्रष्टाचार, सरकारी बेथिति र सामाजिक सञ्जाल नियन्त्रणविरुद्ध भदौ २३ र २४ मा भएको जेनजी विद्रोहले सत्ता उलटफेर नै गरेपछि असुरक्षाका कारण ठुला दलका शीर्ष नेताहरू बाहिर निस्कन सकेका छैनन् ।

जेनजी पुस्ताले सडकबाटै सत्ता कब्जा गरेसँगै राजीनामा दिएर भागेका प्रधानमन्त्री केपी शर्मा ओली सार्वजनिक हुन सकेका छैनन् । ओली शिवपुरीस्थित नेपाली सेनाको सुरक्षामा घेरामा रहेको भनिए पनि उनी कहाँ छन्, यकिन छैन ।

राज्य सत्तामा रहँदा ओलीको कार्यशैलीप्रति आमनागरिक मात्रै होइन, एमालेकै नेता-कार्यकर्ता असन्तुष्ट थिए । समयको चाप र युवाहरूको चाहना बेवास्ता गर्दा २४ घण्टाभित्र देशका सबै सुरक्षा अंगको घेराभित्रबाट समेत भागाभागको स्थिति आयो । उनी सार्वजनिक नभए पनि कामचलाउ प्रधानमन्त्रीका रूपमा ओलीलाई नेपाली सेनाले सुरक्षित राखेको बताएको छ ।

संसदको सबैभन्दा ठुलो दल नेपाली कांग्रेसको मुख्य सहयोगमा २०८१ असार ३१ मा बनेको ओली नेतृत्वको सरकारले स्थितरता, भ्रष्टाचारको अन्त्य, सुशासन कायम, नागरिकप्रतिको सेवाप्रवाहमा चुस्तता र संविधान संशोधनलाई मूल एजेन्डा बनाएको थियो । तर १४ महिनाको अवधिसम्म आफ्नै एजेन्डाभित्र रहेर काम गर्न नसकेपछि चौतर्फी आलोचना खेप्दै आएको सरकारमाथि प्रतिपक्षी दलहरूले सरकार ढाल्ने चेतावनी दिइरहेका थिए भने मुख्य सहयात्री दल कांग्रेसको एक समूहले सरकारको कार्यशैलीको खुलेरै विरोध जनाउँदै आएका थिए । तर प्रधानमन्त्री ओलीले त्यसलाई सहज स्वीकार गर्न नसक्दा उनको सत्ता मात्रै ढलेन, उनको पाका पुस्ताका नेतालाई सदाका लागि राजनीतिमा बिदा लिनुपर्ने अवस्था आएको राजनीतिक विश्लेषकहरू टिप्पणी गर्छन् ।

राजनीतिक विश्लेषक पुरञ्जन आचार्यले पुराना नेताहरूको सत्ता र शक्तिका आडमा राज्य दोहन कारण मुलुकमा यो स्थिति आएको बताउँछन् । '२०४६ को परिवर्तनपछिका नेताहरूले नै आजसम्म सत्तामा मोजमस्ती गर्ने स्थिति बनेपछिको आक्रोश हो यो,' उनले मध्यान्हसँग भने, '३०/३५ वर्षसम्म एउटै व्यक्तिले पार्टी र राज्य सत्तासमेत नछाड्ने, अझै नयाँ परिस्थितिलाई ख्याल नगरी अधिनायकजस्तो एकाधिकारवाद कायम गरेका उनीहरूको युग एकैपटक सकिएको जस्तो लाग्छ । उनीहरू अब सडकबाट उठेर सत्तामा जान सक्नेस्थिति बन्दैन र बन्नुहुँदैन ।'

भदौ २३ गते सुरु भएको जेनजीको आन्दोलन उग्र बनेसँगै प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिएर बालुवाटारबाट भागेपछि उत्पन्न संकट समाधानका लागि नेपाली सेनाका >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## श्रम स्वीकृति पाए पनि पाएनन् उड्न

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ भदौ

वैदेशिक रोजगार विभागले श्रम स्वीकृति प्रदान गरेपनि टिकट अभाव हुँदा कामदारहरू श्रम गन्तव्यमा उड्न पाएका छैनन् । जेनजी प्रदर्शनका क्रममा भएको आगलागीबाट विभागमा आंशिक क्षति भए पनि विभागका कर्मचारीले घरबाटै श्रम स्वीकृति प्रदान गरेका छन् ।

श्रम स्वीकृति पाएपनि टिकट नपाएका कारण कामदार उड्न समस्या देखिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीले बताए । राजधानीमा सेनाले लगाएको निषेधाज्ञा र कर्फ्यूका कारण ट्राभल्स एजेन्सीका कार्यालय खुल्न सकेका छैनन् । एकाध रूपमा खुलेका ट्राभल्स एजेन्सीहरूमा पनि कर्मचारी आवागमनको समस्या रहेको छ ।

उता आन्दोलनकारीको निशानामा परेको वैदेशिक रोजगार विभागमा क्षतिको विवरण संकलन हुन सकिरहेको छैन । विभागका तीन वटा ब्लकमध्ये श्रम स्वीकृति प्रदान गर्ने माथिल्लो ब्लक सुरक्षित रहेको भएपनि संस्था, राहत, उद्धार र महानिर्देशकको कार्यालय रहेको ठाउँ आगालागीबाट पूर्णरूपमा ध्वस्त भएको छ ।

महानिर्देशक कमलप्रसाद भट्टराईले क्षति पुगेको कार्यालय सफाइ गरेर आइतबारदेखि कर्मचारी उपस्थित भई काम गर्ने आंकलन गरिएको बताएका छन् । आन्दोलनकारीले विभागको भवन जलाउँदा अधिकांश म्यानपावर कम्पनीका फाइल जलेका छन् । त्यसले विभागलाई पूर्णरूपमा अनलाइनमा आधारित हुनुपर्ने बाध्यतामा पुर्‍याएको छ ।

विभागको सर्भर सुरक्षित रहेकाले श्रम स्वीकृतिको काममा भने समस्या नरहेको बताइएको छ । विभागमा आगजनी भएपछि व्यवसायीहरूमा पनि सुरक्षा चिन्ता बढेको छ । सुरक्षाको अवस्था कमजोर रहेको भन्दै एक व्यवसायीले कर्फ्यू हटेपनि कार्यालय सञ्चालनमा व्यवसायी सचेत र सतर्क अवस्थामा बस्नुपर्ने अवस्था उत्पन्न भएको बताए ।

# ज्यान गुमाउनेको संख्या ५१ पुग्यो

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २७ भदौ

जेनजी प्रदर्शनका क्रममा भएका विभिन्न घटनाका क्रममा ज्यान गुमाउनेको संख्या ५१ पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस्तो विवरण सार्वजनिक गरेको हो ।

मन्त्रालयका सचिव डा. विकास देवकोटाले देशभरिका अस्पतालबाट प्राप्त गरेको विवरणअनुसार हालसम्म ५१ जनाको मृत्यु भएको जानकारी दिए । नेपाल प्रहरीले पनि जेनजी आन्दोलनमा देशभर ५१ जनाको मृत्यु भएको पुष्टि गरेको छ । जसमा तीन प्रहरी, एक भारतीय नागरिक र अन्य नेपाली नगारिक रहेका छन् ।

मृतक मध्ये ३६ जनाको शव त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा रहेको छ । महाराजगञ्जमा रहेकाहरुको पोर्टमार्टम जारी छ ।

हाल देशभरिका विभिन्न ५२ अस्पतालमा २ सय ८४ जना घाइतेको उपचार भइरहेको छ । समग्रमा १ हजार ७ सय ७१ जना घाइते भएको विवरण



छ । सम्बन्धित अस्पतालले घाइतेको निःशुल्क उपचार गरिरहेका छन् ।

**जेनजी प्रदर्शन**

प्रदर्शनका क्रममा घाइते भएका १ हजार ३ सय ७९ जना बिरामी उपचारपश्चात् घर फर्किसकेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सुरुवाती दिनहरूमा बिरामीको चाप र व्यवस्थापनमा केही कठिनाइ भए पनि हाल अवस्था सामान्य बन्दै गएको छ ।

पहिलो दिनको अस्तव्यस्त अवस्थालाई नियन्त्रणमा ल्याइएको छ । अस्पतालमा ओपिडी सेवा पुनः सुचारु भएका छन् । सबै नियमित सेवा सुचारु रूपमा सञ्चालन भइरहेका छन् ।

त्रिवि शिक्षण अस्पतालमा हाल आन्दोलनका २६ जना घाइते भर्ना भएकामध्ये २५ जना उपचाररत छन् । तीमध्ये दुई जना गम्भीर अवस्थामा आइसियुमा छन् ।

अस्पतालले सबै घाइतेहरूको उपचार निःशुल्क प्रदान गरिरहेको छ । डिस्चार्ज भएका बिरामीलाई घरसम्म पुर्‍याउन एम्बुलेन्सको व्यवस्था गरिएको छ । साथै, बिरामी र कुरुवाका लागि खाना र बस्ने व्यवस्था पनि अस्पतालले उपलब्ध गराएको छ ।

प्रदर्शनको पहिलो दिन बिरामीको चाप अत्यधिक भएपछि अस्पतालले तत्काल १ सय ५० शय्या खाली गराएर व्यवस्थापन गरेको थियो । चिकित्सक र स्वास्थ्यकर्मीहरूले २४ घण्टा अथक रूपमा खटेर उपचार सेवा प्रदान गरेका छन् । हाल अस्पतालमा ओपिडी सेवाहरू पूर्णरूपमा सुचारु छन् । नियमित शल्यक्रिया र अन्य सेवा पनि सञ्चालनमा छन् । तर कर्फ्युका कारण नियमित बिरामीको संख्या केही कम भएको छ । अस्पतालले घाइतेहरूको >>> पृष्ठ २ मा

# ऐतिहासिक दस्तावेज, बहुमूल्य वस्तु, हातहतियार खरिद तथा बिक्री नगर्न सिआइबीको अनुरोध

**काठमाडौं/मस–** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले ऐतिहासिक दस्तावेज, कागजपत्र, बहुमूल्य वस्तु, हातहतियार खरिद तथा बिक्री नगर्न अनुरोध गरेको छ।

सिआइबीले एक प्रेस विज्ञप्ति प्रकाशित गरी यही भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा सरकारी तथा निजी भवन, बैंक वित्तीय संस्थालगायतका संरचनाहरुमा आगजनी र तोडफोड गर्नु पूर्व त्यस्ता भवनहरुमा रहेका ऐतिहासिक दस्तावेज, कागजपत्र, बहुमूल्य वस्तु, हातहतियार



र अन्य महत्त्वपूर्ण जिन्सी तथा नगद सामानहरु लुटपाट गरी बजारमा बिक्री वितरण गरिरहेको सूचना प्राप्त भएकाले सो सम्बन्धमा ब्यूरो एवं अन्य प्रहरी कार्यालयहरुबाट अनुसन्धान भइरहेको जनाएको छ।

यसैगरी सो सम्बन्धमा कुनै जानकारी प्राप्त भएमा नजिकको सुरक्षा निकायमा सूचना दिन हुन र त्यस्ता सामानहरु प्राप्त भएमा नजिकको सुरक्षा निकायमा बुझाउन समेत अनुरोध गरिएको छ। यस्ता चोरी तथा लुटपाट भएका सामानहरुको खरिद बिक्री तथा सञ्चय गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने समेत ब्यूरोद्वारा प्रकाशित विज्ञप्तिमा उल्लेख छ।

# शुक्लाफाँटाका दुई सामुदायिक वन क्षेत्रको अतिक्रमण हटाइयो

**कञ्चनपुर/मस–** शुक्लाफाँटा नगरपालिका-८ स्थित दुई वटा सामुदायिक वनमा गरिएको अतिक्रमण हटाइएको छ।



संगठित रुपमा करिब १५० बढी व्यक्तिले अमरजित सामुदायिक वन र प्रगति महिला सामुदायिक वनक्षेत्रमा अस्थायी झुपडी बनाएर बसेका थिए। नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, वन कर्मचारी र सामुदायिक वन उपभोक्ता समूहले संयुक्त रुपमा शुक्रबार उनीहरुलाई हटाएको हो।

सुदूरपश्चिम प्रदेशका वन निर्देशक हेमराज बिष्टका अनुसार तीन दिन दिनअघि देखि उनीहरुले झुपडी बनाउन थालेका थिए। 'असहज परिस्थितिको फाइदा उठाउँदै संगठित रूपमा वन क्षेत्र अतिक्रमण गर्न आएका व्यक्तिहरूलाई समयमै हटाएर सामुदायिक वन जोगाएका छौँ,' उनले भने।

स्थायी संरचना निर्माण गर्नुअघि नै हटाउन सफल भएको उनले बताए। अतिक्रमण हटाउने प्रयास दुई पटक असफल भएको थियो। उल्टै अतिक्रमणकारीहरुले आक्रमण गरी वन सुरक्षाकर्मी चढेको गाडीमा क्षति पु-याएका थिए।

'हामीले प्रमुख जिल्ला अधिकारीसँग सुरक्षा माग गरेका थियौँ, उहाँसँगको समन्वयमा सुरक्षाकर्मी परिचालन भएपछि मात्र अतिक्रमण हटाउन सफल भयौँ,' निर्देशक बिष्टले भने।

# भोजपुरका किसानको आम्दानीको स्रोत अर्गानिक आलु

**भोजपुर/मस–** भोजपुरमा उत्पादन हुने अर्ग्यानिक आलु भोजपुरका किसानको राम्रो आम्दानीको स्रोत बनेको छ। विगतमा घरायसी प्रयोजनका लागि मात्र प्रयोग हुने आलुले पछिल्लो समय सडक पहुँचका कारण निर्यात हुन थालेको छ।

व्यापारीहरुले आलु खरिद गर्न गाडी नै लिएर किसानका घरसम्म पुग्ने गरेका छन्। गाउँघरमा सडकको पहुँच विस्तारसँगै अर्ग्यानिक आलु किसानको भरपर्दो आम्दानीको स्रोत बनेको टेम्केमैयुङ-५ मझौलेका स्थानीय कृषक शिवकुमार विष्टले बताए। 'विगतमा यहाँ उत्पादन हुने अर्ग्यानिक आलु अन्य सहरमा पठाउन समस्या थियो, आलुसँग धान साट्नुपर्ने अवस्था थियो, तर अहिले सडकको पहुँचसँगै



घरबाटै आलु बिक्री हुन थालेको छ।'

यस वर्ष गाउँघरबाट प्रतिकेजी रु ४० देखि ४५ सम्म बिक्री हुँदै आएको किसानहरुको भनाइ छ। लेकाली भेगमा उत्पादन भएको अर्ग्यानिक आलुको बजारमा राम्रो माग रहेको स्थानीय कृषक रामबहादुर विष्टले बताए।

'मझौले र चोलन्ती गाउँमा अर्ग्यानिक आलु उत्पादन हुन्छ' उनले भने, 'गाउँका सबैले आलुखेती गरिरहेका छौँ। उत्पादन भएको आलु घरबाट बिक्री हुन्छ। हाम्रो क्षेत्रको आलु अर्गानिक रहेकाले बजारमा राम्रो माग छ।'

मझौले गाउँका एक किसानले ७०० केजीदेखि सात हजार केजीसम्म आलु उत्पादन गर्दै आएका छन्। यहाँका ८५ बढी घरपरिवारले व्यावसायिक रुपमा आलुखेती गर्दै आएको उनको भनाइ छ। यो क्षेत्रमा बढी मात्रामा भोटाङ्गे पङ्खदले, धराने, सैलुङगेलगायत जातका आलु उत्पादन हुने गरेको छ।

कृषि ज्ञान केन्द्रका अनुसार भोजपुर जिल्लामा हिउँदे र बर्खे गरी गत वर्ष ५१ हजार ९०० मेट्रिक टन आलु उत्पादन भएको थियो। यहाँ तीन हजार २७२ हेक्टर क्षेत्रमा आलुखेती हुने गरेको छ।

# भाटभटेनीमा जलेको अवस्थामा चार शव फेला

**सुनसरी/मस–** आन्दोलनकारीले जलाएको धरान उपमहानगरपालिका-९ स्थित पुतलीलाइनको भाटभटेनी सुपरमार्केटमा चार जनाको शव फेला परेको छ।




जलेको अवस्था भेटिएका ती शव यही भदौ २४ गते मंगलबार जेनजी आन्दोलनका क्रममा सुपरमार्केटभित्र पसेको आन्दोलनकारी हुनसक्ने प्रारम्भिक अनुमान गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता योगराज खतिवडाले जानकारी दिए। खतिवडाका अनुसार आगजनीमा ती व्यक्ति सुपरमार्केटभित्रै फसेका थिए। मृतकमध्ये तीन जनाको शव चौथो तलामा र एक जनाको दोस्रो तलामा फेलापरेको उनले जानकारी दिए।

प्रवक्ता खतिवडाले भने, 'जलेको अवस्था रहेकाले शवहरूको पहिचान तत्काल सम्भव नभएको र अब डिएनए परीक्षणबाट मात्र पहिचान हुनेछ।' सबै शवको मुचुल्का उठाइ बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पठाइएको उनले बताए।

भदौ २४ गते बेलुका करिब ७:०० बजे 'जेनजी आन्दोलन'का क्रममा एक समूहले भाटभटेनी सुपरमार्केटको सटर फोडी पेट्रोल खन्याएर आगो लगाएका थिए। सो आगलागी शुक्रबार बिहानमात्र नियन्त्रणमा आएको थियो।

# स्रोत नखुलेको नगद र गरगहनासहित एक जना नियन्त्रणमा

**धुलिखेल/मस–** बिपी राजमार्ग अन्तर्गत यहाँको नमोबुद्ध नगरपालिका-२ भकुण्डेबेँसीमा नेपाली सेना र नेपाल प्रहरीको संयुक्त सुरक्षा टोलीले गाडी जाँच गर्ने क्रममा स्रोत नखुलेको नगद रकम र सुनको गरगहनासहित एक जनालाई नियन्त्रणमा लिएको छ।



जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेका अनुसार आज दिउँसो काठमाडौँबाट सिरहातर्फ जाँदै गरेको बाप्र ०१-००६ ख ९१७३ नं को विद्युतीय गाडीमा नगद तीन लाख ५० हजार ३०० रुपैयाँ र १२ लाख २६ हजार ९४ रुपैयाँ उनन्चालिस पैसा बराबरको गरगहनासहित एक जनालाई नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार गाडीमा सवार सिरहा जिल्ला भगवानपुर गाउँपालिका-२ बस्ने १८ वर्षीय नरेशकुमार यादवलाई नगद र गरगहनासहित नियन्त्रणमा लिइएको हो। 'यादवलाई खानतलासी गर्दा निजले बोकेको झोलाबाट स्रोत नखुलेको नगद र गरगहना बरामद गरेका हौँ', प्रनाउ घलेले भने।

यादवको साथबाट बरामद गरेको गरगहनामा हालको बजार मूल्यअनुसार एक लाख ६१ हजार ८८८ रुपैयाँ १२ पैसा पर्ने ७५ लालको छड्के तिलहरी थान-१, दुई लाख ५९ हजार २१ रुपैयाँ पर्ने १२ दशमलव ६ लालको मंगलसुत्र थान-१, तीन लाख तीन हजार ९६९ रुपैयाँ ६४ पैसा पर्ने ६३ दशमलव तीन लालको बेरुवा औँठी थान-१ र पाँच लाख एक हजार २०५ रुपैयाँ ६३ पैसा पर्ने सिक्री थान ३ रहेको प्रहरीले जनाएको छ। यादवमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# उपप्रमुखको घर जलाउँदा ग्यास पड्किएर एक जनाको मृत्यु

**भरतपुर/मस–** चितवनको भरतपुर महानगरपालिकाका उपप्रमुखको घर जलाउँदा ग्यास पड्किएर एक जनाको मृत्यु भएको छ। जेनजी समूहको प्रदर्शनका क्रममा यही भदौ २४ गते दिउँसो उपप्रमुख चित्रसेन अधिकारीको घरमा आगो लगाउँदा ग्यास सिलिन्डर पड्किएर गम्भीर घाइते भएका भरतपुर-२१ का १९ वर्षीय सरोज गुरुङको उपचारका क्रममा आज मृत्यु भएको हो।

ग्यास पड्किएर गुरुङको टाउको, छाती र पेटमा चोट लागेको थियो। उहाँको पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको थियो। आगलागीबाट उपप्रमुख अधिकारीको घर पूर्ण रुपमा क्षतिग्रस्त भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख एवं प्रहरी उपरीक्षक गोविन्द पुरीले जानकारी दिए।

यस्तै पूर्वी चितवनको भण्डारामा खानेपानी ट्यांकीको चेम्बरमा डुबेर एक जनाको मृत्यु भएको छ। शुक्रबार बिहान राप्ती नगरपालिका-७ सिक्सग्रुपस्थित अमृतपानी खानेपानी तथा सरसफाइ समितिको चेम्बरभित्र स्थानीय ४० वषीय कमल घलेको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## पूर्वप्रधानन्यायाधीशको...

भनेका छन्, 'ल सफल हुनुस्, देश बचाउनुस्।' जेनजीका तर्फबाट प्रस्तावित कार्कीलाई नेपाली सेना र राष्ट्रपति पौडेलको उपस्थितिमा सहमति जुटाएर प्रधानमन्त्री बनाइएको हो। यससँगै ७ मंसिर २०७९ मा सम्पन्न चुनावबाट आएको प्रतिनिधि सभाबाहिरबाट नयाँ सरकार बनेको छ।

पछिल्लो चुनावपछि प्रतिनिधि सभाले दुईवटा सरकार बनायो। चुनावलगत्तै पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वको सरकार बन्यो। सो सरकारले १८ महिने कार्यकालमा पटकपटक सत्तागठबन्धन बदलेको थियो र गठबन्धन बदलिएपिच्छे प्रधानमन्त्रीले विश्वासको मत लिएका थिए।त्यसपछि संविधानमा आवश्यक संशोधन गर्ने, राजनीतिक स्थिरता दिने, आर्थिक विकास र सुशासन दिने भनेर प्रतिनिधि सभाको सबैभन्दा दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमालेले नयाँ सरकार बनाउनेगरी १७ असार २०८१ मध्यराति ७ बुँदे समझदारी गरे। सो समझदारीअनुसार ३० असार २०८१ मा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भए।

दुई तिहाइ बहुमतको सरकारले वाचाअनुसार र जनताको चाहनाअनुसार काम गर्न नसकेको भनेर आलोचना भरहेका बेला सरकार एकपछि अर्कोगरी नागरिकको स्वतन्त्रता कुण्ठित हुनेगरी ऐन बनाउन उद्धत थियो। फेसबुक, युट्युबलगायतका २६ वटा सामाजिक बन्द गर्ने निर्णयमा पुगेसँगै जेनजी पुस्ता सडकमा आए। आन्दोलन यति चर्कियो कि ५१ जनाको ज्यान लिने सरकार दमनमा उत्रिँदासमेत सरकार रहन सकेन।

प्रधानमन्त्री ओलीले २४ भदौमा राजीनामा दिए। जेनजीको आन्दोलनले दुई तिहाइ बहुमतको सरकारलाई बिदा गरेसँगै वर्तमान प्रतिनिधि सभाले काम गर्न सक्दैन भनेर बाहिरबाट नयाँ सरकार खोजे। जसअनुसार कार्की प्रधानमन्त्री नियुक्त भएकी हुन्।

यस्तो सहमतिमा राष्ट्रपति रामचन्द्र पौडेल, नेपाली सेना र जेनजी समूहका प्रतिनिधि छन्। राजनीतिक दल कुनै भूमिकामा छैनन्।

## टरेको...

प्रावधान छ। यसले नेपालको प्रशासनिक संघीयता कार्यान्वयनलाई थप पछाडि धकेलिदिएको छ।

प्रतिनिधि सभा नहुँदा नयाँ सरकारलाई काम गर्न आवश्यक विधि बनाउन परे कार्यकारी अधिकार प्रयोग गर्नुपर्छ। कार्यकारी अधिकार कार्यपालिकाले प्रयोग गर्छ। यस्तोमा सरकार निरंकुश हुन सक्ने खतरा पनि छ।

नयाँ सरकारलाई निश्चित समयभित्र निर्वाचन गर्ने जिम्मेवारी दिइएको छ। समयमा निर्वाचन नभए के हुन्छ भन्ने विषयमा केही बोलिएको छैन। यसले पनि बाटो स्पष्ट गरेको छैन।

नयाँ सरकारको अधिकार क्षेत्र कति हो स्पष्ट गरिएको छैन। काम चलाउ सरकारको हैसियत हो भने दीर्घकालीन असर पर्नेगरी महत्वपूर्ण निर्णय गर्न पाउँदैनन्। तर विशेष परिस्थितिमा बनेको सरकारलाई विशेष अधिकार रहेको भनेर नयाँ सरकारले शासकीय स्वरूप बदल्ने, निर्वाचन प्रणाली चलाउने, संघीयताको विषयमा नयाँ निर्णय लिने कार्य गर्न खोज्यो भने त्यसको वैधतामा प्रश्न उठ्छ। किनभने जुन शक्तिले नयाँ सरकार बनाएको छ त्यसले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, प्रदेश सरकारको अहिलको संरचना फेरबदल, निर्वाचन प्रणाली बदल्नुपर्नेलगायतका विषय उठाउँदै आएका छन्। राजनीतिक दलहरूले पनि वर्तमान परिस्थितिको निकासका लागि जे कदम चाल्ने हो त्यसलाई संविधानले चिन्ने गरी चाल्न राष्ट्रपति रामचन्द्र पौडेललाई आग्रह गर्दै आएका थिए। राष्ट्रपति पौडेलले कांग्रेसका नेताहरू, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहालगायतसँग संवाद गरेका थिए।

राष्ट्रपतिलाई सुझाव दिनेहरूले संविधानवादको कुरा गरेका थिए। बुधबार राष्ट्रपति पौडेलसँग सभामुखले टेलिफोनमा संवाद गरेका थिए। बिहीबार सभामुख घिमिरे राष्ट्रपतिलाई भेट्न शीतल निवास पुगेका थिए। सुरुमा राष्ट्रपति पौडेलले 'अपडेट' गराएको सभामुखले आफू निकटस्थसँग सुनाएका छन्। त्यसक्रममा 'राष्ट्रपतिले विभिन्न व्यक्तिसँग भएको छलफल र संवादका विषय' सभामुखलाई सुनाएका हुन्।

सभामुख घिमिरेले राष्ट्रपति पौडेललाई 'संविधानभित्रबाटै समाधान खोज्न सकिन्छ,' भनेका थिए। 'सुरुमै संसद विघटन उचित होइन' भन्ने सभामुखको सन्देश थियो। यस्तै, सन्देश राष्ट्रपतिलाई कांग्रेसले पनि पठाएको थियो। कांग्रेसले पठाएको सन्देशमा 'जे कदम चाल्ने हो त्यसलाई संविधानले चिन्नुपर्छ,' भनिएको थियो।

छलफल लम्बिएको भनेर आलोचना भइरहेका बेला चार दिनको राजनीतिक संकट चिर्दै नेपालले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार पाएको हो।

## अवकाशको...

प्रमुख अशोकराज सिग्देल र राष्ट्रपति रामचन्द्र पौडेलले विभिन्न पक्षसँगको छलफललाई तीव्रता दिँदै गर्दा राजनीतिक नेता गुमनाम छन्। उनीहरूलाई अहिले पनि बाहिर निस्कने अवस्था छैन। यद्यपि प्रमुख पार्टी नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, रास्वपाका युवा नेताहरूले अज्ञातस्थलबाटै आफ्ना सन्देश सामाजिक सञ्जालमार्फत प्रवाह गरिरहे पनि पाका नेता केही बोल्न सकेका छैनन्।

६ पटक प्रधानमन्त्रीको लोभमा परेर प्रधानमन्त्री ओलीको कार्यशैलीप्रति समर्थन गर्दै आएका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पनि यही घानमा परेका छन्। अरू नेताहरू भाग्दा आफ्नै घरमा लुकेर बसेका शेरबहादुर र पत्नी आरजु राणा देउवालाई आन्दोलनकारीले पहिला घरमा आगो लगाएर पछि त्यहाँबाट कुटपिट गर्दै निकालेर घाइते बनाएका छन्। अहिले अस्पतालमा उपचाररत देउवाको स्वास्थ्य अवस्था सामान्य रहेको भनिए पनि उनलाई भेट्न कसैलाई दिइएको छैन। देउवा दम्पतीलाई नजिकबाट हेर्दै आएकी सांसद कान्तिका सेजुवालका अनुसार उनको स्वास्थ्य अवस्था सुधारोन्मुख छ। तर देउवा दम्पतीकै आगामी राजनीतिक करिब अन्त्यजस्तै देखिएको छ। उमेरले करिब ८० हाराहारी पुगेका देउवालाई पार्टी राजनीतिमा नयाँ पुस्ताले स्वीकार्ने अवस्था अन्त्य भएको कांग्रेसकै युवा नेताहरूले बताएका छन्। पार्टीका युवा नेताहरूले अब सच्चिएर हस्तक्षेपकारी भूमिका खेल्ने नागरिकमाझ अपिल गरेका छन्।

नेपाली कांग्रेसका महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मासहितका युवाहरूले बुढा नेताहरूकै कारण यो अवस्था आएकाले आगामी दिनमा सच्चिएर पार्टीलाई अझ बलियो बनाएर लैजाने आमरूपमा विश्वास दिलाउने प्रयासमा छन्। कांग्रेससहित नेकपा एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी पार्टीका युवा नेताहरूले समेत आफ्ना शीर्ष नेतालाई सार्वजनिक रूपमै सक्रिय राजनीतिबाट बिदा लिनेगरी वक्तव्य जारी गर्न लगाउने पक्षमा छन्। सो कार्यमा कांग्रेस सभापति शेरबहादुर देउवासहित, पूर्वपदाधिकारीहरू प्रकाशमान सिंह, गोपालमान श्रेष्ठ, कृष्ण सिटौला, विमलेन्द्र निधीसहित दर्जन नेता पर्नेछन्। त्यस्तै, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्ष विष्णु पौडेल, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, रामबहादुर थापालगायत नेता पर्ने एमाले स्रोतको दाबी छ। त्यस्तै, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, उपाध्यक्ष नारायणकाजी श्रेष्ठलगायत नेताहरू पर्नेछन्। एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, उपाध्यक्ष बेदुराम भुसाल, सम्मानीत नेता झलनाथ खनाल, वामदेव गौतमसहित नेतालाई अवकाश हुन आग्रह गर्ने चरणमा रहेको नेकपा एसकी नेता रामकुमारी झाँक्रीले बताइन्। पछिल्लो परिस्थितिले गर्दा पहिलो पुस्ताका नेताहरूलाई अवकाश पठाउने दोस्रो तहका नेताहरूको प्रयासले सार्थकता पाउने सम्भावना रहेको पार्टीका युवाहरूले दाबी गरेका छन्।

त्यस्तै, नेसपाका अध्यक्ष बाबुराम भट्टराई, जसपा नेपालका उपेन्द्र यादव, लोसपाका महन्त ठाकुरलगायत नेतासमेत अवकाशको अवस्थामा छन्। सबै राजनीतिक दलमा पुस्तान्तरण हुने र पार्टीलाई नागरिकको सेवक बनाएर जनतामाझ जाने अवस्था बाँकी नै रहेको राजनीतिक विश्लेषक शंकर तिवारीको बुझाइ छ। 'नेपालले सबै राजनीतिक दलमा पुस्तान्तरण र कार्यशैलीमा परिवर्तन चाहेको थियो,' तिवारीले मध्यान्हसँग भने, 'शीर्ष नेताहरूकै हठले सम्भव भइरहेको थिएन। युवाहरूको यो आन्दोलनबाट उहाँहरूको अवकाश भएको देखिन्छ। यसले पार्टीमा रिफर्म हुने मौका पनि मिलेको छ। अब फेरि मूल राजनीतिमा फर्कने सम्भावना पुराना नेताहरूको छैन।' दलप्रति नै आमरूपमा देखिएको वितृष्णालाई कम गर्दै जनजीविकाका सवालमा काम गरेर दलहरू नागरिकमाझ फेरि राम्रो सन्देशका साथ जान सक्ने दाबी गरे।

जेनजी पुस्ताको आन्दोलनपछिको मुलुकको परिस्थिति सम्हाल्ने विषयमा चासो र चिन्ताका साथ सुरक्षित अवतरणका लागि दलका दोस्रो पुस्ताका नेताले जेनजीलाई सामाजिक सञ्जालमार्फत सुझाव दिन थालेका छन्। सत्ता कब्जा गरेका जेनजीका तर्फबाट पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको नेतृत्वमा पठाइएको छ।

## ज्यान...

उपचारमा कुनै कसर बाँकी राखेको छैन। बिरामीको चाप घटेसँगै स्वास्थ्यकर्मीहरूको नियमित आउजाउ र खानपानको व्यवस्थापन पनि सहज भएको छ।वीर अस्पतालमा ३ सय जना घाइते उपचारका लागि पुगेका थिए। २२ जना उपचाररत छन्। जसमा दुई जना गम्भीर अवस्थामा आइसियुमा रहेका छन्। उनीहरू भेन्टिलेटरको सहायतामा उपचाररत रहेको अस्पतालले जनाएको छ। पहिलो दिनको तुलनामा अवस्था सामान्य बन्दै गएको र धेरैजसो बिरामी डिस्चार्ज भइसकेका छन्।

वीर अस्पतालमा पनि ओपिडी र नियमित शल्यक्रिया सेवा सुचारु छन्। यहाँ पनि कर्फ्युका कारण नियमित बिरामीको संख्या कम छ। अस्पतालले घाइतेहरूको उपचारमा विशेष ध्यान दिएको छ। स्वास्थ्यकर्मीहरूले उच्च मनोबलका साथ सेवा प्रदान गरिरहेका छन्।

निजामती अस्पतालमा ४८ जना घाइते भर्ना भएकामध्ये १५ जना डिस्चार्ज भइसकेका छन्। एक जना बिरामी आइसियुमा उपचाररत रहेको मेडिकल डाइरेक्टर डा. दिलिप पौडेलले जानकारी दिए। डा. पौडेलका अनुसार भर्ना भएकामध्ये ४१ जनाको शल्यक्रिया गरिएको छ भने यसमध्ये चार जनाको पुनः शल्यक्रिया भएको छ।

सबै घाइतेको औषधि र उपचार निःशुल्क छ। डिस्चार्ज भई घर जान नसक्नेहरूका लागि अस्पतालले एम्बुलेन्सको व्यवस्था गरेको छ। निजामती अस्पतालमा समानुभूति नेपाल नामक संस्थाले घाइते र स्वास्थ्यकर्मीहरूका लागि निःशुल्क खाना वितरण गरिरहेको छ।

पाटन अस्पतालमा प्रदर्शनका क्रममा घाइते भएर आएका ३६ जनामध्ये हाल पाँच जना उपचाररत छन्। सबै घाइतेको उपचार निःशुल्क भइरहेको छ। अस्पतालले खानपान र डिस्चार्ज भएकाहरूलाई घर पुर्‍याउन एम्बुलेन्स सेवा प्रदान गरिरहेको छ।

पाटन अस्पतालमा ओपिडी र शल्यक्रिया सेवा नियमित रूपमा सञ्चालन भइरहेका छन्। कर्फ्युका कारण नियमित बिरामीको संख्या कम छ। राष्ट्रिय ट्रमा सेन्टरमा जेनजी प्रदर्शनका क्रममा घाइते भएका १ सय ६३ जना भर्ना भएका थिए। यसमध्ये हाल ३२ जना उपचाररत छन्। तीमध्ये पाँच जना गम्भीर अवस्थामा आइसियुमा छन्। अस्पतालले सबै घाइतेको निःशुल्क उपचार गरिरहेको छ।

बिरामी र कुरुवाहरूका लागि खानाको व्यवस्था पनि अस्पतालले नै गरेको छ। यद्यपि बिरामीको चापका कारण केही औषधिको अभाव भएको छ। असहज परिस्थितिमा पनि अस्पतालले प्रदर्शनका घाइतेहरूको उपचारमा विशेष प्राथमिकता दिएको छ। बिहीबारबाट ओपिडी र नियमित शल्यक्रिया सेवा सक्रिय रूपमा सञ्चालनमा आएको छ।

**मलेसियामा रोजगार**

कम्पनी : GALLANT GUARD SERVICES SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०५/२७ — चलानी नं.: ६०२४४७१८ — L.T. No.:331016

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1700 | ५६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TIGRIS SECURITY FORCE SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०५/२७ — चलानी नं.: ६०२४४७१७ — L.T. No.:331030

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1700 | ५६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

noon Resources Pvt. Ltd.
Lic. No:1653/080/081
Jawalakhel-13, Lalitpur, Nepal, Tel.: 01-5423629 Email : noonresources@gmai.com, info@noonresources.com/
Website: www.noon resources.com Mobile No: 9801276194, 9801464676

**मलेसियामा रोजगार**

कम्पनी: PERNIAGAAN MUHIBBAH RIA SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/०५/२७ — चलानी नं.: ६०२४४७१९ — LT. No.:331020

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Farm General Worker | 34 | 0 | स. काममा दक्ष | 1700 | ५६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

सदिक्षा ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६
सामाखुसी टाउन प्लानिङ (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल, फ्याक्स : ४३८६५२५, फोन नं: 014980181, 4988200 4986525
9801130592/9860926821/9851332385, Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np




नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसिएनलगायत विभिन्न पेशगत संघसंस्थाले शुक्रबार साँझ नेपाल बार एसोसिएन परिसरमा 'देश जोगाऔं, संविधान बचाऔं'भन्ने मूल नारासहित प्रदर्शन गर्दै । त्यसक्रममा आन्दोलनका क्रममा दिवंगत हुनेहरूप्रति श्रद्धाञ्जलीसहित मौनधारण गर्नुका साथै घाइतेहरूको शीघ्रलाभको कामनासहित दीप प्रज्वलन गरिएको थियो ।
तस्बिर : रासस

## सुनसान सिंहदरबार
# भग्नावशेष देखेर कुँडिएको कर्मचारीको मन



**काठमाडौं/मस–** सधैंभरि भिडभाड देखिने सिंहदरबार परिसर शुक्रबार कार्यालय सञ्चालन हुने दिन भएपनि सुनशान देखियो । शुक्रबार भएकाले अपराह्न ३ बजे कर्मचारीको छुट्ने समयमा तीनवटै प्रवेशद्वारमा सवारी चाप हुने गरेकामा त्यो देखिएन ।

जेनजी प्रदर्शनबाट तोडफोड र आगजनी भएका विभिन्न मन्त्रालयका परिसरमा सवारीसाधन 'भग्नावशेष' का रूपमा रहेका छन् । आफूले काम गर्दै आएको मन्त्रालय तथा कार्यालय आगजनीबाट ध्वस्त भएपछि कर्मचारीमा त्रास र निराशाको अवस्था देखिन्थ्यो । राष्ट्रका सम्पत्ति, जलेका मन्त्रालयका भवन र सवारीसाधनको भग्नावशेष देखेर आफूहरूको मन कुँडिएको कर्मचारीको दुःखेसो थियो ।

आगजनीबाट धेरै मन्त्रालयका सवारीसाधन नष्ट भएपछि माथिल्लो तहका कर्मचारीसमेत मोटरसाइकल र स्कुटरमा कार्यालय पुगेका थिए । शिक्षा मन्त्रालयको भुँइतलामा रहेको राष्ट्रिय सतर्कता केन्द्रको आधा भाग जलेर नष्ट भएकाले भित्र प्रवेश गरी क्षतिको वास्तविक आँकडा यकिन गर्न कठिन भएको प्रवक्ता नारायणप्रसाद भट्टले बताए ।

मूल प्रशासनिक केन्द्रका रूपमा रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आगजनीका कारण क्षति भएपछि गृह मन्त्रालयको नवनिर्मित भवनमा सार्ने तयारी गरिएको छ । त्यसका लागि कर्मचारीहरू बचेखुचेका कम्प्युटर, ल्यापटप, कागजातलगायत सामग्री सार्न व्यस्त देखिए ।

सिंहदरबारको पश्चिम खण्डको मूलभागमा चार दिनदेखि सल्किरहेको धुवाँको मुस्लो निस्किरहेको थियो भने आगो नियन्त्रणका लागि वारुणयन्त्रले पानीको फोहोरा हानिरहेको थियो । आगजनी गरिएका मन्त्रालयमा प्रवेश गर्न सुरक्षाका हिसाबले जोखिम देखिएपछि कर्मचारीहरू बाहिरै बसेर फर्किएका थिए ।

गृह मन्त्रालयका एक कर्मचारीले भने, 'निर्देशनानुसार मन्त्रालयमा उपस्थिति भइयो, पेटीमा बसेर हाजिर गरियो, मन्त्रालय ध्वस्त भएको छ, के कति क्षति भयो, यकिन हुन सकेको छैन ।' आगजनीबाट भएको क्षतिको पहिचान गर्ने, विवरण संकलन तथा तथ्यांक बुझ्ने काम भइरहेको छ ।

सिंहदरबार परिसरमा सञ्चारकर्मीको प्रवेशलाई सहज तुल्याइएपछि भग्नावशेषको तस्बिर लिन पुगेका फोटो पत्रकारको संख्या उल्लेख्य देखियो । सिंहदरबारभित्रका मन्त्रालय र सडकको सरसफाइ क्रमशः सुरु गरिएको छ भने तोडफोड भएका सामग्रीको व्यवस्थापन आरम्भ भएको छ ।

सिंहरबार बाहिर रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय पनि आगजनीबाट क्षतिग्रस्त भएको छ । देशको एकमात्रै फरक डिजाइनको उक्त भवनमा घटना भएको चौथो दिनसम्म पनि आगो निभेको छैन । स्वास्थ्य सचिव डा.विकास देवकोटाले भवन जलेर नष्ट भएकाले आफूहरूले 'भर्चुअल' माध्यमबाट काम प्रारम्भ गरेको बताए ।

आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीका कारण प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, अर्थ, शिक्षा विज्ञान तथा प्रविधि, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा राष्ट्रिय सतर्कता केन्द्रमा बढी क्षति भएको छ ।

# देशको असहज परिस्थितिप्रति संयम रहेर जिम्मेवारी वहन गर्न नागरिक सरोकार अभियानको आह्वान

**काठमाडौं/मस–** नागरिक सरोकार अभियान नेपालले हालैको जेनजी आन्दोलनलाई नेपाली इतिहासकै पहिलो जनविद्रोहको रूपमा व्याख्या गर्दै यसले कांग्रेस-कम्युनिष्ट दलहरूको अहंकारी शासन अन्त्य भएको दाबी गरेको छ । अभियानले मुलुक अब जनतन्त्रको नयाँ युगमा प्रवेश गरेको भन्दै आगामी राजनीतिक व्यवस्थाले जनताको अपेक्षा पूरा गर्नुपर्नेमा जोड दिएको छ ।

"राष्ट्रियता सुशासन र जनजिविकाका लागी "
नागरिक सरोकार अभियान नेपाल
केन्द्रीय कार्यालय काठमाडौं, नेपाल

अभियानका अभियन्ता डा.राजन केसीका अनुसार युवाहरुले भ्रष्टाचार, करदाताबाट उठेको पैसाको दुरुपयोग र नेताहरुका परिवारको विलासी जीवनशैलीविरुद्ध सुरु गरेको आन्दोलन विस्तार हुँदै जनविद्रोहमा परिणत भएको हो । विज्ञप्तिमा भनिएको छ, 'जेनजी आन्दोलनमा बलिदान भएका युवाहरु हाम्रो छोराछोरी नै हुन् । उनीहरुको शान्तिपूर्ण आन्दोलनमा सरकारको गोली लागेर मृत्यु हुनु दुर्भाग्यपूर्ण हो । त्यसैले यसलाई जनविद्रोहको मान्यता दिनु नै उचित हुन्छ ।'

बैठकपछि जारी निष्कर्षमा नागरिक सरोकार अभियानले संसद् विघटनमार्फत नयाँ बाटो प्रशस्त गर्नुपर्ने तथा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको नाममा भएको लुटको छानबिन गरी जिम्मेवारलाई कानुनी दायरामा ल्याउनुपर्ने माग गरेको छ ।

डा.केसीले मुलुकमा नयाँ वर्गको उदय भएको पनि उल्लेख गरे । उनले भने, 'यो आन्दोलन किसान वा मजदुर मात्रको थिएन, बरु समान उमेर समूहका युवाहरुको समान उद्देश्यसहितको नयाँ राजनीतिक शक्ति हो, जसले नेपाली राजनीतिमा फरक आयाम ल्याएको छ ।' अभियानले विदेशी हस्तक्षेप बढ्दै गएको भन्दै त्यसप्रति सतर्क रहनुपर्नेमा पनि चेतावनी दिएको छ । 'राष्ट्रको सार्वभौमसत्तामाथि कुनै किसिमको निर्णय आम नागरिकले स्वीकार गर्दैनन्, त्यसको खबरदारी जरुरी छ,' डा.केसीले जोड दिए ।

# सिसाजन्य फोहोर अन्य फोहोरसँग नमिसाउन महानगरको आग्रह

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले जेनजी प्रदर्शनका क्रममा क्षतिग्रस्त भएका संरचनाबाट निस्केका सिसाजन्य फोहोरलाई अन्य फोहोरसँग नमिसाउन सम्बन्ध सबैसँग आग्रह गरेको छ । कामपा वातावरण विभागका प्रमुख सरिता राईले एक सूचना जारी गर्दै सिसाजन्य फोहोरलाई सामान्य फोहोरसँगै ल्याण्डफिल साइड पुर्‍याउन नमिल्ले भएकाले नमिसाउन आग्रह गरिन् ।

फोहोर संकलनसँग सम्बन्धित निजी क्षेत्र, व्यक्ति संस्था तथा सरकारी कार्यालयलाई सामान्य फोहोरसँग सिसाजन्य वस्तु मिसाउँदा समस्या हुने भएकाले सूचनामार्फत जानकारी दिइएको वातावरण विभाग प्रमुख राईले बताइन् । सिसाजन्य फोहोरलाई छुट्टै संकलन गरी आफ्नै घरको परिसर वा कार्यालय परिसरभित्र सुरक्षित रूपमा राख्न कामपाले सबै सरोकार भएका निकायलाई आग्रह गरेको हो । यही भदौ २३ र २४ गते जेनजी प्रदर्शनका क्रममा सडकबाट निस्केका फोहोर व्यवस्थापनको काममा अहिले कामपा लागिरहेको प्रमुख राईले जानकारी दिइन् ।

उनका अनुसार सडक सफा गर्ने काम सकेपछि कामपाले व्यक्तिको घर तथा कार्यालय सफा गर्न सुरु गर्नेछ ।

# बालबालिकाको स्वास्थ्य र संरक्षणमा विशेष ध्यान दिन सिजपको अपिल




**काठमाडौं/मस–** बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)ले बालबालिकाको स्वास्थ्य, संरक्षण र शिक्षामा विशेष ध्यान दिन अपिल गरेको छ ।

अभियानका अध्यक्ष तिलोत्तम पौडेलद्वारा जारी विज्ञप्तिमा 'जेनजी'ले सञ्चालन गरेको आन्दोलन र त्यसपछि भएका विभिन्न हिंसात्मक गतिविधिले बालबालिकालाई नकारात्मक मानसिक असर परिरहेकाले बालकेन्द्रित भएर अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोगलगायत संस्थालाई आग्रह पनि गरिएको छ ।

आन्दोलनमा भएको मानवीय क्षति, मानव अधिकारको उल्लंघन, सरकारी तथा निजी सम्पत्ति, उद्योग, सञ्चार गृह, सङ्घसंस्थाका कार्यालय, विद्यालयमा आगजनी, तोडफोड, लुटपाट जस्ता गतिविधि हुनाका साथै विभिन्न अपराधको सजाय भोगिरहेका १३ हजार व्यक्ति जेलबाट बाहिर निस्कनु जस्ता घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै समग्र घटनाको उच्चस्तरीय न्यायिक छानबिन गरी दोषीमाथि कारबाही गर्न सिजपले माग गरेको छ ।

'जस्तोसुकै असहज परिस्थितिमा पनि सुरक्षित बाँच्ने, संरक्षण हुन पाउने बालबालिकाको अधिकार हो । सञ्चारमाध्यममा प्रकाशित प्रसारित विभिन्न हिंसात्मक घटनाक्रममा बालबालिका विद्यालय पोसाकमा नै स्वयंको संलग्नता हुनु, अभिभावकहरू नै सडकमा उत्रनु, बालबालिका घाइते र मृत्यु हुनुलगायत समाचारले बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानलाई चिन्तित बनाएको छ', विज्ञप्तिमा भनिएको छ,' वर्तमान अवस्थामा विद्यालय बन्द भएका छन्, कतिपय विद्यालय जलेका पनि छन् । बालबालिकाका कलिलो मानसिकतामा हजारौं प्रश्नका लहर उठेको छ । मानसिक स्वास्थ्यमा नै समस्या पर्ने अवस्था छ । बाल संरक्षण, विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन्, बालबालिका राष्ट्रिय गौरव हुन भन्ने अवधारणालाई समेत जोखिममा पारेको देखिएको छ ।'

सबै जोखिमहरूबाट आफू र आफ्ना बालबालिकालाई जोगाउँदै अपांगता भएका, गर्भवती तथा सुत्केरी, लैंगिक तथा यौनिक अल्पसंख्यक, जोखिममा परेका, रोजगारीका अवसर गुमाएका बाबुआमाका छोराछोरी, गाउँघर, देशबाहिर रहेका अभिभावकका बालबालिकालाई विशेष ध्यान दिन, सहजता र सुरक्षामा ध्यान दिँदै सकारात्मक सन्देश मात्र प्रवाह गर्न, बालमैत्री वातावरण सिर्जना तथा बालबालिकालाई समय दिन आग्रह गरिएको छ ।

बाल अधिकार उल्लंघनका घटनाहरू र जोखिममा पर्नसक्ने अवस्थामा तत्काल नजिकका सुरक्षाकर्मी र बाल 'हेल्पलाइन' सेवा १०९८ मा खबर गर्न पनि आग्रह गरिएको छ । साथै आन्दोलनरत जेनजी पुस्ताले भ्रष्टाचार र अनियमितताविरुद्ध उठाएका मागहरूलाई पूरा गर्न नेपालको संविधानभित्रै रहेर लोकतन्त्र, गणतन्त्र तथा प्राप्त उपलब्धिहरूलाई जोगाउँदै राजनीतिक निकास निकाल्न पनि अपिल गरिएको छ । यसबीचमा बालबालिकाको राष्ट्रिय पर्वका रुपमा मानाइने राष्ट्रिय बाल दिवस भदौ २९ गते पनि ओझेलमा परेकामा सिजपले चिन्ता व्यक्त गरेको छ ।

# श्रमदानबाट सडक मर्मत



**म्याग्दी/मस–** अन्नपूर्ण गाउँपालिका-८ राम्चेका बासिन्दाले श्रमदान गरेर सडक मर्मत गरेका छन् । नागी-राम्चे सडकको थावनगाउँ नजिकै छहरेखण्डमा गत असारको तेस्रो साता पहिरोले भत्काएको सडक स्थानीयवासीले श्रमदान गरेर मर्मत गरी यातायात सञ्चालन गरेका हुन् । राम्चेका बासिन्दा फसबहादुर गर्बुजाले बिहीबार करिब ७५ जनाले श्रमदान गरेर सडक मर्मत गरेका जानकारी दिए ।

'करिब दुई महिनादेखि नागी-राम्चे सडक अवरुद्ध हुँदा स्थानीयवासीलाई आवतजावतका साथै आलुलगायत कृषि उपज बजार पठाउन समस्या भएको थियो', उनले भने,'सरकारी निकायको आश गर्दा ढिलाइ हुने भएकाले राम्चेका सबै घरबाट एक-एक जनाले श्रमदान गरेर सडक खुलाएका हौँ', बिहीबार दिनभर श्रमदान गरेका थिए ।

पहिरोसँगै भासिएको करिब सात मिटर दूरीको सडकमा जगदेखि नै पर्खाल निर्माण गरेर जिप, ट्याक्टर र मोटरसाइकल वारपार गर्न मिल्ने बनाएको गर्बुजाले बताए । अन्नपूर्ण गाउँपालिका-७ महभिरदेखि हिस्तान-काफलडाँडा हुँदै राम्चे जोड्ने सडक घुमाउँरो र जोखिमयुक्त भएकाले राम्चेवासीले सदरमुकाम बेनी आवतजावत गर्न नागी-लेकफाँट-मल्लाज-बेनी सडक प्रयोग गर्छन् ।

अन्नपूर्ण गाउँपालिका-८ को कार्यालय राम्चेमा छ । राम्चे आलुको पकेट क्षेत्र हो । सडक अवरुद्ध हुँदा नागीका बासिन्दालाई राम्चेमा रहेको वडा कार्यालय र स्वास्थ्यचौकीको सेवा लिन आवतजावत गर्न समस्या भएको थियो । सडक अवरुद्ध भएपछि समस्यामा परेका नागीमा रहेको हिमाञ्चल माविमा पढ्ने राम्चे, काफलडाँडाका विद्यार्थीलाई पनि सहज भएको छ ।

# भारतबाट फर्केका यात्रुबीच बाटोमै लुटिए

**कञ्चनपुर/मस–** भारतको उत्तराखण्ड टेहरीगढवालबाट फर्कँदै गरेका यात्रु बिहीबार बीच बाटोमै लुटिएका छन् ।

पूर्वपश्चिम राजमार्गको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अर्जुनी क्षेत्रमा तीन जना सेतो रङको स्कुटरमा आएका अपरिचित व्यक्तिले हतियार देखाई कालिकोट जिल्ला पलाता गाउँपालिका-७ का कलमबहादुर धामी र नैनबहादुर धामीलाई लुटेका हुन् ।

'सवारीसाधन नपाएपछि महेन्द्रनगरबाट पैदल हिँडेका थियौं,' कलमबहादुरले भने, 'तीन जना स्कुटरमा आएका अपरिचित व्यक्तिले खुकुरी देखाउँदै मेरो मोबाइल खोसे । त्यसपछि मेरो साथमा रहेको १४ हजार भारु पनि खोसे । राजमार्गमा अर्को यात्रु चढेको मोटरसाइकल नजिकै आउन थालेको देखेपछि भागे ।' कलम, नैनबहादुरसँगै सिंहराज खत्री, कलबहादुर खत्री र अभिराज धामी पनि थिए ।

**Kuwait मा रोजगार** Luxury Co. for General Cleaning Services for Building
पुर्व स्वीकृती मितिः २०८२/५/२७ चलानी नं.: ६०२४४७१६ LT No.: 330974

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaners Indoor (Female) | 0 | 10 | काममा दक्ष | 85 | ३९,३३०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

DMH Ladies Beauty Salon पुर्व स्वीकृती मितिः २०८२/५/२७ चलानी नं.: ६०२४४७१५ LT No.: 330975

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Massage/Beauty Therapist | 0 | 2 | काममा दक्ष | 250 | १,१५,६८०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ असोज ४ गते (20 Sept., 2025) यस प्रा. लि. को कार्यालय तिनकुने काठमाडौंमा हुनेछ ।
बैभव ओभरसिज प्रा. लि.
श्रम ईजाजत नं.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९७०७९३५१७६, ९७४५९४२०८७, ९८२३२५४८७७, E-mail : baibhav.ovs@gmail.com

**मलेसियामा रोजगार**
कम्पनीः MULTI MERIDIAN SDN BHD शहरः JALAN
पूर्व स्वीकृत मितिः २०८२/०५/२७ चलानी नं.: ६०२४४७१३ LT. No.: 330955

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 100 | 0 | स. काममा दक्ष | 1700 | ५६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः TROPICAL POSITION SDN BHD शहरः JALAN
पूर्व स्वीकृत मितिः २०८२/०५/२७ चलानी नं.: ६०२४४७१४ LT. No.: 330956

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Farm General Worker | 25 | 0 | स. काममा दक्ष | 1700 | ५६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

KALINCHOK H. R. PVT. LTD.
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

**कुवेतमा रोजगार**
१. कम्पनीः Rawaa international General Trading & Contracting Co. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०५/२७ चलानी नं.: ६०२४४७१० LT. No.: 331022

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Staff | 2 | 2 | स. काममा दक्ष | 150 | ६९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

२. कम्पनीः KINGDOM OF SWEETS FOR PIES PASTRIES AND SWEETS COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०५/२७ चलानी नं.: ६०२४४७११ LT. No.: 331023

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Labors | 15 | 0 | स. काममा दक्ष | 100 | ४६,२१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

३. कम्पनीः AL DAHLA GENERAL TRADING & CONTRACTING COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०५/२७ चलानी नं.: ६०२४४७०८ LT. No.: 331021

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 0 | 15 | स. काममा दक्ष | 85 | ३९,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी १ निशुल्क कम्पनी २ र ३ रु. १०,००० कामदारले |

Dana Human Resource Nepal Pvt. Ltd.
Govt Lic No. 1692/080/81
Sinamangal, Kathmandu, Tel.: 01-5923344, 9802373747
Email : dananepalpg@gmail.com , Web: www.dananepal.com

**मलेसियामा रोजगार**
कम्पनी : ACTIVE FORCE SECURITY SERVICES SDN BHD शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०८२/०५/२७ चलानी नं.: ६०२४४७०९ LT. No. : 331032

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 14 | 0 | स. काममा दक्ष | 1700 | ५६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Prakash Human Resource Pvt. Ltd.
श्रम इजाजत नं. १६५०/०८०/०८१
Sinamangal-9, Shambhu Marg , Kathmandu, Nepal. Tel : 01-4560201, Mob : 9801358362/ 9801358363 9801358364, E-mail: info@prarkashhumanresource.com, Website: www.prakashhumanresource.com

कथा

# योगदानको मूल्य

*संयोजक रणहाङ्ग तुम्बाहाम्फे कड्किए, "१० वर्ष जनयुद्ध लडेका कार्यकर्तालाई पार्टीले केही गर्न सकेको छैन । तपाईं जस्ता हिजो मात्रै पार्टीमा छिरेका मान्छेका लागि अहिले के गर्न सक्छ र ? तपाईंले कुरा बुझ्नुभा छैन ।"*



■ इन्द्र कुमार श्रेष्ठ 'सरित'



आन्दोलन सकिएको थियो । देशबाट राजतन्त्र हटिसकेको थियो र अब नेपाल लोकतान्त्रिक भएको थियो । नयाँ राजनीतिक पार्टीहरू खुलिरहेका थिए । पार्टीका भातृसंगठनहरू, जनवर्गीय संगठनहरू खुलिरहेका थिए । प्रवर्द्धन पनि नयाँ खुलेको पार्टीमा आवद्ध भयो । तर, यो आवद्धता सुरुमा पार्टीको जनवर्गीय संगठनसँग थियो । सांगीतिक क्षेत्रमा करीब दुई दशक बिताइसकेको प्रवर्द्धनलाई प्रारम्भिक कमिटीमा राखियो । उसले कुनै नाइँनास्ती गरेन । दिइएको जिम्मेवारीलाई उसले आफ्नो क्षमताले भ्याएसम्म पूरा गर्‍यो । क्षेत्रीय इञ्चार्ज र सेक्रेटरीलाई नै उसले सबैभन्दा ठूलो मान्छे देख्यो । उसले पार्टीको झण्डा बोक्यो, मसाल पनि बोक्यो ।

मसाल बोक्न नजान्दा मसालको आगो टाउकोमा खसेर घाइते भयो । एक-डेढ महिना अस्पतालमा बस्यो, उपचार गरायो, तर पार्टीको 'प' पनि उसलाई हेर्न आएनन् । उसले सोच्यो, "अहिले म नयाँ छु, साथीहरूले त्यति चिन्दैनन्, त्यसैले आएनन् ।"

पार्टीका बैठक, नारा, जुलुस, हडताल- जहाँ जहाँ कार्यक्रम हुन्थ्यो, ऊ पुग्थ्यो । आफ्नो रेकर्डिङ रद्द गर्‍यो, स्टेज शो छोड्यो, तर पार्टीको कुनै कार्यक्रम छुटाएन । ढुंगामुढा गर्न जानुपर्छ भनेपछि पनि ऊ पछि हटेन । प्रहरीको लाठी खायो, दुई-चार दिन चिसो छिँडीको बास बस्यो । तर पनि पार्टीप्रतिको उसको मोह, त्याग र समर्पण कम भएन ।

संविधानसभाको पहिलो चुनाव आयो । ऊ मात्र होइन, उसको पूरै परिवार उम्मेदवार विवेकसिंह शर्माका लागि चुनावमा खटियो । घरदैलो कार्यक्रम, प्रचारप्रसार सबैमा प्रवर्द्धन, उसका बुबाआमा, श्रीमती, छोरा र छोरी समेत सहभागी भए । विवेकसिंहले राम्रो कार्यक्रम चलाउने भनेर प्रवर्द्धनलाई छाडेनन् । तर, पार्टीका साथीहरूले "ए, तपाईंले खाना खानुभयो ?" भनेर कहिल्यै एक वचन पनि सोधेनन् । प्रवर्द्धन लुरुलुरु हिँडेर घर आउँथ्यो, खाना खाएर फेरि प्रचारमा लाग्थ्यो ।

ऊ कहिल्यै पनि "म राष्ट्रिय स्तरको कलाकार हुँ, जसका ८-१० गीति एल्बम बजारमा छन्, ३०० भन्दा बढी गीत चर्चित छन्" भनेर दम्भ देखाउँदैनथ्यो । तर स्थानीय नेताहरूलाई उसबारे थाहा थियो । तैपनि प्रवर्द्धनलाई सम्मान, सद्भाव, कदर जस्ता कुराहरू कहिल्यै देखाइएन ।

प्रवर्द्धनले धेरै कुरा बुझेको थियो, धेरै कुरा बुझेको थिएन पनि । ऊ लप्पनछप्पन नबोल्ने मान्छे थियो । उसले सोच्थ्यो, "म भलो भए देश भलो हुन्छ । प्राकृतिक स्रोत साधनले भरिपूर्ण देशमा सही नेतृत्व आयो भने देश समृद्ध हुन्छ ।" उसले नयाँ नेपाल बनाउने पार्टीको सपनामा आफ्नै सपना देख्थ्यो । जातीय विभेद, लैंगिक विभेद, अन्याय, अत्याचार, भ्रष्टाचारको अन्त्य गरेर नयाँ समाज बनाउने विश्वास गर्थ्यो ।

जुलुस र र्‍यालीमा ऊ पैदलै हिँड्थ्यो । मोटरसाइकलमा पेट्रोल हाल्न लाइन लागेका देखे तापनि ऊ परै बस्थ्यो । माइकिङ र प्रचारको खर्च पनि उसले आफैं व्यहोर्थ्यो । उसले थाहा पायो, "उम्मेदवारबाट केही साथीहरूले पैसा लिएका छन्", तर उसले कहिल्यै मागेन, खोजेन । ऊ यहाँ व्यक्तिगत लाभका लागि आएको थिएन । सामूहिक हितका लागि आएको थियो ।

जनताको गीत गाउने, समानताको गीत गाउने, चेतनाको गीत गाउने ऊ, पार्टीको उद्देश्यमै समर्पित थियो । तर बिस्तारै उसले पार्टीको यथार्थ बुझेको थियो । ऊजस्ता हजारौं नवप्रवेशीहरू पुराना 'बन्दुके' कार्यकर्ताहरूको दृष्टिमा दोस्रो दर्जाका नागरिक थिए । जति नै योगदान दिए पनि उनलाई निर्णय गर्ने तहमा ल्याइएन । 'नयाँ' भनेर व्यंग्य गरिन्थ्यो । पार्टीमा उनीहरूको उक्लिने सम्भावना सधैं न्यून थियो । नेता भने चाकरी खोज्ने र 'हाम्रा मान्छे' अघि बढाउने मानसिकताका थिए ।

> *पार्टीले बहुमत ल्याएन, तर सिट भने धेरै ल्यायो । प्रवर्द्धनको क्षेत्रका उम्मेदवार हरि सिद्धि महर्जन मन्त्री बने । उनले विजयको खुसीमा ठूलो भोज गरे । तर, प्रवर्द्धनलाई बोलाइएन । तै पनि ऊ आफैं बधाई दिन गयो । तर, भेट्न पाएन । खिन्न भएर फर्कियो ।*

चुनाव नजिकिँदै गइरहेको थियो । एक दिन ऊ दिनभरि माइकिङ गरेर फर्किएको थियो । स्वर बसेको थियो । राति एघार बजे पनि ऊ पोष्टर टाँस्न तयार भयो । श्रीमतीले रोकिन्, "तपाईंलाई सञ्चो छैन, हामी जान्छौँ नि ।"

प्रवर्द्धनले भने, "पार्टीको काम हो, म जान्छु ।"

चारैजना निस्किए । काम छिट्टै सकियो । आमाछोरीलाई घर पठाएर बाबुछोरा निरीक्षणमा लागे ।

पार्टीले बहुमत ल्याएन, तर सिट भने धेरै ल्यायो । प्रवर्द्धनको क्षेत्रका उम्मेदवार हरिसिद्धि महर्जन मन्त्री बने । उनले विजयको खुसीमा ठूलो भोज गरे । हजारौं कार्यकर्ता आए । तर, प्रवर्द्धनलाई बोलाइएन । प्रचारको हरेक कार्यक्रम, गीत, स्वर, सञ्चालन उसैले गरेको थियो ।

बधाई दिन ऊ आफू पुगेको थियो । तर, नेताहरू भित्रभित्रै षड्यन्त्र गरेर, प्रवर्द्धनमाथि शंका गर्दै, मन्त्रीको जयजयकार गरिरहेका थिए । तर, भेट्न पाएन । खिन्न भएर फर्कियो ।

केही दिनपछि कलाकारहरूको एउटा समूह मन्त्रीलाई बधाई दिन गयो । आफूले अनुरोध गरेर प्रवर्द्धन पनि त्यसमा समेटियो । ऊ आशा गर्थ्यो, "मन्त्रीले केही सोध्नेछन्, धन्यवाद दिनेछन् ।" तर मन्त्रीले उसलाई चिनेजस्तै गरेनन् । नामै लिएनन् ।

त्यो दिन उसको मन पूर्ण रूपमा भाँचियो । उसले सोच्यो, "मैले त केही मागेको थिइन, एउटा औपचारिकता मात्र चाहेको थिएँ ।"

पार्टीको नीति, सिद्धान्त र विचारलाई उसले कहिल्यै बेइमानी गरेन । भूमाफियासँग मिलेर जग्गा जोड्ने प्रस्तावहरू अस्वीकार गर्‍यो । तर नेताहरूले उसको त्याग र इमानदारी देखेनन् ।

अन्ततः ऊ स्थानीय कमिटी प्रमुखलाई भेट्न गयो । उसले सबै कुरा राख्यो । प्रमुखले भने, "हेर्नुस्, पार्टी सरकारमा त छ, तर अहिले अपेक्षा राख्ने होइन, पार्टीलाई सघाउने हो ।"

त्यति मात्र सुनेर ऊ उठेर हिंड्यो । मन अशान्त भयो । सोच्न थाल्यो, "पार्टी सरकारमा हुँदा कार्यकर्ताको संरक्षण गर्न सक्दैन भने कहिले गर्छ ?"

सांस्कृतिक फाँटका संयोजकलाई भेट्न गयो, "कमरेड, कुनै ठाउँमा एडजस्ट गरिदिनुस् ।"

संयोजक रणहाङ्ग तुम्बाहाम्फे कड्किए, "१० वर्ष जनयुद्ध लडेका कार्यकर्तालाई पार्टीले केही गर्न सकेको छैन । तपाईं जस्ता हिजोमात्रै पार्टीमा छिरेका मान्छेका लागि अहिले के गर्न सक्छ र ? तपाईंले कुरा बुझ्नु भा छैन ।" त्यो सुनेर ऊ लुरुलुरु डेरामा फर्कियो । ७० नाघेका बुबाले सोधे, "के भयो बाबु, किन निन्याउरो छ ?"

त्यति मात्र चाहिएको थियो- बुबाको सोधाइ । उसका आँखाबाट आँसुका भेल बग्न थाले । परिवार नै रुयो । पार्टीको भक्त बनेर लाग्दा यस्तो हालत भयो । ६ महिनाको कोठा भाडा तिर्न बाँकी थियो । छोराछोरीको स्कुल शुल्क तिर्न बाँकी थियो । पार्टीको व्यस्तताले गायकी बन्द भएको थियो । बाबाले भने, "मन सानो नगर छोरा । पार्टीले तेरो योगदान बुझेन । अब तिमीहरु जे हुन्छ गर । हामी बूढाबूढी मन्दिर अगाडि बसेर हात थापौंला ।" त्यसपछि फेरि एकपटक रुवाबासी गुञ्जियो । ढोकैमा उभिएको पाङ्गे अवाक् बन्यो ।

कविता

## देशको सपनाहरू



अमानव

देशको सपनाहरू उड्दै छन् आज बादल माथि
न इष्ट मित्र न कोही छन् यहाँ छैन आफ्नै साथी
सबैलाई प्यारो भको छ आज त्यो पराइ भूमि
रम्न थालेको छ अब मन पनि अरूकै माटो घुमी ।

सबैको पसिना पनि अरूकै माटो मलिलो गर्दै छ
सबैलाई जीवन त्यही नै रमेर सजिलो हुँदै छ
सबैको मनले आफ्नो गाउँ देश भुलेर जाने भो
माया पनि देशको अब त्यही झुलेर जाने भो ।

सम्झना मात्र आएर के गर्नु मनले नमानेपछि
मनले फेरि उतै नै आफ्नो जस्तो ठानेपछि
नसकिँदो रहेछ यो भुल्ने आदत बिर्सनलाई
सकिन्छ भनेर यो देशमा नि केही गर्नलाई ।

सबैलाई बेचैनी ले सतायो छिट्टै फुल्नु बनायो
सबैको मनमा धैर्य हरायो छिट्टै फल्नु बनायो
एउटा गरेर भएन यसलाई के गर्नु गर्नु बनायो
बेचैनीले सतायो न बाच्नु न मनु बनायो ।

कविता

## दल बदलका यात्रु तिमी !



खिमराज गिरी

जनताको आँसु र पीडा नदेख्ने
देशको समृद्धिको सम्भावना नबोक्ने
सधैँभरि कुर्ची र पदकै मोहमा लोभिइरहने
दल बदल मात्र गर्न चाहने यात्रु तिमी
बाहिर बोल्छन् मिठासले तर
भित्र स्वार्थको झोला बोकेर
नेताको इसारामा नाच्ने कठपुतलीजस्ता
अनि हामीले हेरिदिनु र स्वीकारी दिनुपर्ने
समाजको भित्री पीडामाथि हाँसो उडाउँदै
सधैँभरि कति बहकिन्छौ दल बदलका यात्रु तिमी !

आज यहाँ छौं भोलि कताकता
हावा बहकिए जसरी बहकिन्छौं तिमी
जनताको रगतले लेखिएको इतिहास बिर्सेर
परिवार र व्यक्तिगत स्वार्थमा रुमलिन्छौ तिमी
नेता पनि अझ किन कम हुने र
जनताको नाममा कसम खाएर पनि
सधैं स्वार्थको महल सजाउँछन्
सत्ताको स्वाद चाख्ने लोभका खातिर
अनि आज यहाँ भोलि कहाँ
किन भौंतारिन्छौ दल बदलका यात्रु तिमी !

दल भनेको विचार हो,
तर विचार पनि दिनदिनै बदल्छौं
निष्ठा र भरोसाको भविष्य बिर्सेर
विचारलाई किन सधैं स्वार्थमा धकेल्छौं
बजारमा राखिएको थोत्रो सामान सरी
भयो आज तिम्रो त्यो आचरण र व्यवहार
नेता र कार्यकर्ता दुवै एकै सिक्काका दुई पाटाजस्तै
जनतालाई धोका दिँदै किन देखाउँछौ खोक्रो सदाचार
निष्ठा गुमायौ, नैतिकता गुमायौ
व्यक्तिगत स्वार्थमा लिप्त हुँदा
गर्‍यौ जनतालाई अपमान
जनताको आँसुमा रमाइलो गर्ने
सडकको आवाजलाई बेवास्ता गर्ने
सधैं आफ्नो स्वार्थमा डुबुल्की मार्दै
कति दिन रमाउँछौ दल बदलका यात्रु तिमी !
कति दिन रमाउँछौ दल बदलका यात्रु तिमी !

# छाया

कथा



■ रञ्जना बास्कोटा

> *तीन वर्ष बित्यो । अब म काम पनि गर्छु पढ्छु पनि । मेरो छोरी आठ कक्षा पास गरेर अब नौ कक्षामा छ । आफू मेटिँदै गएर छोरीलाई उज्यालो दिने सपना बिस्तारै पूरा हुँदै छ । एक दिन उनले फेरि सोधिन्, "तिमी अब पनि जीवनसँग डराउँछ्यौ ?"*

"बहिनी ! यो काम राम्रो छ, पैसा पनि बेला बेलामा मिल्छ ।"

सुनन्दा दिदीको भनाइ अझै कानमा गुञ्जिरहन्छ । यही विश्वासमा म एउटा गाडीमा चढेर पहाडतिर लागेकी थिएँ । सपना थियो- छोराछोरीलाई राम्रो स्कुलमा पढाउने, आमालाई औषधि दिलाउने, अनि कहिल्यै नभोगेको 'इज्जतको जिन्दगी' जिउने ।

तर अब मलाई लाग्न थालिसकेको छ- मान्छेले आफूले पाएको भन्दा बढी सपना देख्नै नहुने रहेछ ।

"ओइ, तेरो नाम के हो ?"

पहिलो दिन, त्यही ठाडो प्रश्नले मेरो जीवनको अर्को अध्यायको सुरुवात गर्‍यो ।

"म... म सविता ।"

सविता भन्नु मेरा लागि आफ्नो नामसँगै बाँकी अस्तित्व गुमाउनु थियो । म त्यो घरमा अब एउटी कामदार मात्र थिएँ- जसलाई खान, बस्न र भाँडा माझ्न मिल्ने थियो । जसको भावनामा न कोही चासो राख्थ्यो, न कुनै अनुभूतिलाई मूल्य ।

घरकी मेमसाहब- अति सजीव, राम्री, तर एक्लो । तिनी निकै सुघर व्यवहारकी थिइन्, कहिलेकाहीँ मलाई चिया लिएर उनीसँगै बस्न बोलाउँथिन् । म थाकेको शरीरलाई केहीबेर विश्राम दिँदै तिनको आँखामा केही चिन्न खोज्थें- शून्यता ।

"तिमी यहाँ सुखी छौ ?" उनले सोध्थिन् ।

सोधिएको बेला केही नबोल्ने, तर रातभर आफूलाई आफैं उत्तर दिने बानी परिसकेको थियो मलाई ।

एक दिन, उनीसँगै झ्याल नजिकको कुर्सीमा बसेकी थिएँ । तलको बजार देखिने, धुवाँ र मान्छेको कोलाहलबीच मेरो जीवनको चिच्याइ म सुन्न सक्थें ।

"म तिमी जस्तै भएछु ।" उनले एक्कासि भनिन् ।

"तपाईं ?" म अचम्मित ।

"तिमी श्रम गरेर बाँच्छ्यौ, म एक्लोपन भित्र घुटिएर बाँच्छु", उनले लाज नमानि हाँसिन्, "जीवनका भोक त उस्तै-उस्तै हुन् नि, सविता ।"

त्यो दिन, मैले उनीलाई मान्छेझैं देखेँ । अहंकारी 'मेमसाहब' होइन- केवल एउटी नारी, जसले आफ्नो जीवनको थुप्रै सपना, आकांक्षा र रहरहरूलाई चुपचाप कोठाभित्र थुनेकी थिई ।

तर, त्यसपछि सबथोक बिस्तारै बिग्रँदै गयो ।

घरमा सानो चोरीको घटना भयो- म माथि शंका गरियो । मैले रुँदै सफाइ दिएँ ।

एक साँझ, उनले भनिन्, "तिमी केही दिन घर जान चाहन्छ्यौ भने जान सक्छ्यौ ।"

त्यो वाक्यको अर्थ थियो- मलाई छुट्टी दिइएको होइन, टाढा पठाइँदै थियो । मलाई ठमेलको त्यो साँघुरो गल्ली सम्झना आयो, जहाँ म पहिलो पटक भाँडा माझ्न पुगेकी थिएँ । मान्छेहरूले मलाई हेर्ने आँखा, मलाई जस्तो हुनुको पीडा ।

घर फर्किएपछि थाहा पाएँ- आमा बिछ्यौनामा थिइन् । छोरो कामको नाममा टाढा, कहाँ थाहा छैन । छोरीको स्कुल जानु छुटेको रहेछ, म नभएको बेला स्कुलको शुल्क तिर्न नसकेकोले ।

कसरी सम्हालूँ, भन्ने लाग्यो ।

त्यो रात, म बोक्सीको कथाजस्तै सपना देखेर ब्युँझिएँ । बुढोले कुलोको छेउमा रक्सी पिएर छोरीलाई लखेटिरहेको थियो । म चिच्याएँ, "छोरीलाई छुन पाइँदैन !"

म घामसँगै उठेँ, आँखा रातो थियो । निर्णय गरेँ- फेरि फर्किन्छु । आफूले सहेको पीडा आफ्ना छोरीमा नपरोस् भनेर फेरि लाग्छु ।

तर योपल्ट फरक थियो ।

पुरानै मालिक्नीको घरमा फर्किंदा उनले मलाई चुपचाप हेरेर सोधिन्- "तिमी किन फर्कियौ ?"

"आफ्नो सन्तानलाई अर्को म बन्न नदिन ।"

उनले धेरै बेर हेरेर भनिन्, "तिमी आउँदा मलाई ढुक्क लाग्छ ।"

जीवन फेरि बगेको थियो ।

तर एक दिन उनले मलाई चकित पार्दै भनिन्, "सविता, तिमीलाई पढ्न मन लाग्छ ?"

म झसङ्ग भएँ । मैले कहिल्यै सोचेकै थिइनँ- म पढ्न सक्छु भनेर ।

"म... अब ढिलो भइसक्यो नि ।" मैले भनेँ ।

"कहिल्यै ढिलो हुँदैन । तिमी आफ्नो छोरीलाई के देखाउन चाहन्छ्यौ ? भाँडा माझ्न सक्ने हात, कि कलम समाउने ?"

त्यसपछि उनी मेरो गुरु भइन् ।

तीन वर्ष बित्यो । अब म काम पनि गर्छु, पढ्छु पनि । मेरो छोरी आठ कक्षा पास गरेर अब नौ कक्षामा छ । आफू मेटिँदै गएर छोरीलाई उज्यालो दिने सपना बिस्तारै पूरा हुँदैछ । एक दिन उनले फेरि सोधिन्, "तिमी अब पनि जीवनसँग डराउँछ्यौ ?"

"डराउँदिन," म हाँस्दै भन्छु, "अब त जीवनसँग लड्न सिकेकी छु ।"

विडम्बना ?

शायद हो ।

"तर सच्चा विडम्बना त त्यो हो, जब तिमी आफैंलाई सधैं दोषी ठान्दै आफैलाई सानो मान्छौ । जीवनले नसोचेका संघर्ष दिन सक्छ, तर आत्मसम्मान तिमी आफैंले बनाउनु पर्छ । यही पाठ अब मेरो मात्र होइन, मेरी छोरीको पाठ पनि हुनेछ", उनले भनिन् ।

जेनजी प्रदर्शन

# अप्रिय घटनाका तस्बिर-भिडियो पठाउन प्रहरीको अनुरोध




**काठमाडौं/मस-** नेपाल प्रहरीले देशका विभिन्न स्थानमा भएको जेनजीको विरोध प्रदर्शन र आन्दोलनका क्रममा घटेका अप्रिय घटना, आगजनी, लुटपाट तथा आम सर्वसाधारणमा त्रास सिर्जना गर्ने अन्य घटनासँग सम्बन्धित सूचना संकलन गर्न आमजनसमुदायसँग सहयोगको आग्रह गरेको छ।

उक्त घटनासँग सम्बन्धित तस्बिर, भिडियो वा सामाजिक सञ्जालमा सार्वजनिक भएका लिंकहरू भए, ती लिंकहरू इमेलमा पठाउन प्रहरीले अनुरोध गरेको छ। यससँगै, प्रहरीले सामग्री पठाउने व्यक्तिहरूको गोपनीयता पूर्ण रूपमा कायम राखिने बताएको छ।

प्रहरीको यो पहलले जनसाधारणमा भय-त्रास सिर्जना गर्ने घटनाहरूको सत्य तथ्य अनुसन्धान गर्न र दोषी पहिचानमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिएको छ।

**क्षतिग्रस्त प्रहरी कार्यालयको पुनर्निर्माण सुरु**

जेनजी पुस्ताको आन्दोलनमा खण्डहर भएका तथा क्षति पुगेका प्रहरी कार्यालयहरूको पुनःनिर्माण कार्य सुरु भएको छ।

हातहतियारसहित कार्यालय तथा इकाई छोडेर गएका प्रहरीहरू जिम्मेवारीमा फर्किन थालेसँगै आन्दोलनका क्रममा क्षति पुगेका भौतिक संरचना पुनःनिर्माणको कार्य सुरु भएको हो।

काठमाडौंको तीनकुने र कोटेश्वरका प्रहरी कार्यालयहरू पुनःनिर्माणको काम शुक्रबार बिहानैदेखि थालिएको छ। आन्दोलनका क्रममा कार्यालय छोडेर सुरक्षित स्थानतर्फ गएका प्रहरीहरूलाई स्वागत गर्दै स्थानीय नै सुरक्षा निकायका संरचना पुनःनिर्माण गर्न अग्रसर भएका छन्। कोटेश्वर व्यवसायी प्रज्ञा प्रतिष्ठान, कोटेश्वर व्यवसायी संघ र कोटेश्वर बहुमुखी क्याम्पसलगायत संस्थाहरूले 'हाम्रो प्रहरी प्रभाग हामी नै बनाउछौं' भन्ने अभियानका साथ पुनःनिर्माणको काम अघि बढाएको कोटेश्वर बहुमुखी क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष सञ्जय बुढाथोकीले बताए। कोटेश्वरमा देशभरीकै नागरिक बस्ने भएकोले तथा आवश्यक सुरक्षा दिन नसक्दा चोरी डकैटी बढेको उनको भनाइ छ। प्रहरीका क्षतीग्रस्त संरचनाको पुनःनिर्माणका लागि स्थानीय सरकार अग्रसर हुनुपर्नेमा उनको जोड छ।

यही २३ र २४ भदौमा भएको जेनजी पुस्ताको आन्दोलनका क्रममा चार दर्जनबढी व्यक्तिको मृत्यु हुनुको साथै सिंहदरबारसहति राज्य संरचना ठुलो क्षति पुगेको छ। मृतकको शव व्यवस्थापनको कार्य समेत काठमाडौं महानगरपालिकाले सुरु गरेको छ। यद्यपि भौतिक पूर्वाधारहरूको क्षतिको मूल्याङ्कन गर्न सुरु भइसकेको छैन।

# स्थानीयको पहलमा खण्डहर बनाइएको भैंसेपाटीको प्रहरी प्रभाग पुनःस्थापना



**ललितपुर/मस-** 'जेनजी' आन्दोलनका क्रममा जलेको ललितपुर महानगरपालिका-२५ भैंसेपाटीस्थित प्रहरी प्रभाग स्थानीयले पुनःस्थापना गरेका छन्।

यही भदौ २३ र २४ गते 'जेनजी'को नेतृत्वमा भएको आन्दोलनका क्रममा प्रदर्शनकारीले प्रहरी प्रभाग बुंगमती भैंसेपाटीमा आगो लगाइदिएपछि त्यहाँका सबै सामग्री जलेर नष्ट भएका थिए।

प्रहरी प्रभागका इन्चार्ज शशिधर शर्मासहितको टोली अत्यावश्यक सामग्रीसहित बिहीबार अबेर प्रभागमा प्रवेश गरेको थियो। आन्दोलनकारीले गस्तीमा प्रयोग हुँदै आएको चारपाङ्ग्रे दुईवटा सवारीसाधन, केही मोटरसाइकल र कार्यालयका सबै सामान जलाएर नष्ट पारेका थिए।

प्रभागमा हाजिर हुन आएका प्रहरी निरीक्षकसहितको टोलीलाई वडा नं २५ का अध्यक्ष दौलतकुमार खत्री, वडा २२ का वडाअध्यक्ष सागर तुलाधर र २१ नं वडाध्यक्ष रवीन्द्र महर्जनसहित स्थानीयले स्वागत गरेका थिए।

प्रहरी टोलीलाई स्वागत गरेसँगै जलेको भवन पुनः मर्मत गरी प्रयोगमा ल्याउनका लागि स्थानीयस्तरबाट स्थानीय सुमन महतको संयोजकत्वमा ११ जनाको समिति गठन गरिएको छ।

समितिले स्थानीयस्तरबाट श्रमदान, चन्दा र विभिन्न संघसंस्थाबाट सहयोग जुटाई प्रभागलाई पूर्ण सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गरेको छ। आज ५० जनाभन्दा बढी स्थानीयहरू प्रभागको सरसफाइमा जुटेका छन्। झ्यालढोका मर्मत, रङरोगन, बत्ती एवं पानीको व्यवस्थासहित अन्य बन्दोबस्तीका सामग्री जुटाउन समिति लागिपरेको छ।

प्रभागका प्रमुख शर्माका अनुसार हालसम्म स्थानीयबाट रु चार लाखभन्दा रकम संकलन भइसकेको छ। बजार सामान्य अवस्थामा फर्केसँगै बजारबाट सामग्री खरिद गरिने र प्रभागलाई पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ। उनले भने, 'विगतमा जस्तै जनताको सुरक्षाका लागि खटिएको नेपाल प्रहरी आगामी दिनमा लागिपर्नेछ, त्यसका लागि जनस्तरबाट पहिलेजस्तै सहयोग हुने विश्वास छ।' उनका अनुसार गस्तीमा जानका लागि प्रयोग हुने गरेका सबै सवारीसाधन जलेकाले स्थानीयस्तरबाट केही समयका लागि गाडीको व्यवस्था गर्ने तयारी भएको छ।

ललितपुर महानगरपालिका-२५ का अध्यक्ष दौलतकुमार खत्री, वडा नं २२ का सागर तुलाधर, वडा नं २१ का रवीन्द्र महर्जन र वडा नं १८ का दामोदर खड्काले २५-२५ हजार नगद सहयोग गरेका थिए।

प्रभाग प्रमुख शर्माले वडाध्यक्ष र स्थानीयको साथ, सहयोग तथा माया महत्वपूर्ण रहेको बताउँदै प्रहरी र स्थानीयको सहयोगले शान्तिसुरक्षा कायम गर्न सकिने विश्वास व्यक्त गरे।

नक्खु कारागारका सबै कैदी-बन्दी फरार भएसँगै स्थानीयस्तरमा सुरक्षा चुनौती थपिएको र प्रहरी चौकीलाई चाँडो स्थापना गर्न जरूरी रहेको समितिका सदस्य एवं समाजसेवी देवेन्द्रकुमार गौतमले बताए। प्रभागको नेतृत्वमा ४३ जना प्रहरी, आठ जना ट्राफिक प्रहरी र फर्सिडोलको प्रहरी चौकीका अन्य आठ जना रहेका छन्।

# वीरगन्ज भन्सारबाट अत्यावश्यक वस्तुको जाँचपास थालियो




**वीरगञ्ज/मस-** 'जेनजी' समूहको प्रदर्शनी र आन्दोलनका कारण देशमै सबैभन्दा धेरै राजस्व संकलन गर्ने वीरगञ्ज भन्सार कार्यालयको सेवा प्रवाह दुई दिन ठप्प हुँदा अर्बौं राजस्व संकलनमा नोक्सान बेहोर्नु परेको छ।

दैनिक औसतमा ७२ करोड राजस्व सङ्कलन गर्ने कार्यालयको गत मंगलबार र बुधबार दुई दिन राजस्व संकलन लगभग ठप्प भयो। बिहीबारदेखि भने अत्यावश्यक पेट्रोलियम पदार्थ र औषधिजन्य वस्तुको भन्सार जाँचपास प्रक्रिया सुरु भएको छ।

भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले आन्दोलनका कारण कार्यालयमा मानवीय र भौतिक क्षति नभएकाले काम गर्न सहन भएको बताए।

'जेनजी समूहको प्रदर्शन र आन्दोलनका कारण मङ्गलबार र बुधबार दुई दिन भन्सार जाँचपासको काम लगभग ठप्प जस्तै रह्यो' उनले भने, 'बिहीबार भने अत्यावश्यक पेट्रोलियम पदार्थ, ग्यासका बुलेट र औषधिजन्य पदार्थको जाँचपासको काम भएको छ। बिहीबार मात्रै करिब १० करोड भन्सार राजस्व संकलन भएको छ।'

प्रमुख भन्सार प्रशासक ज्ञवालीले आज बिहानदेखि अत्यावश्यक वस्तुको जाँसपास प्रक्रिया अघि बढाइएको जानकारी दिए। पहिलेकै अवस्थामा फर्किन केही समय लागे पनि नियमित काम गरिने उनले बताए।

प्रमुख भन्सार प्रशासक ज्ञवालीले शुक्रबारदेखि भने अत्यावश्यक सामान, बारा र पर्सामा जाने औद्योगिक वस्तु तथा सामानको पनि भन्सार जाँचपास प्रक्रिया अघि बढाइने जानकारी दिए।

'स्थानीय प्रशासनले जाँचपास भएका मालवाहक सवारीसहितको समानलाई लैजाने सुरक्षा प्रत्याभूति गर्छ भने हामीले सबै खालका सामान पठाउन तयार छौँ', उनले भने, 'अहिले भन्सार कार्यालयमा केही आपूर्तिकर्ता आ-आफ्नो मालसमानको भन्सार जाँचपास प्रक्रिया अघि बढाउन आइरहनुभएको छ।'

भन्सार विभागले वीरगञ्ज भन्सार कार्यालयलाई गत आव २०८१/८२ मा रु दुई खर्ब १८ अर्ब ९५ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो, तर लक्ष्यको ८० दशमलव ३५ प्रतिशत अर्थात् रु एक खर्ब ७५ अर्ब ९३ करोड राजस्व संकलन गरेको थियो। यद्यपि, कार्यालयले अघिल्लो आव २०८०/८१ मा भने रु दुई खर्ब ४५ अर्ब ८८ लाख ५० हजार ८१ हजार राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। त्यस अवधिमा रु एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार रकम मात्र राजस्व संकलन भएको थियो।

विभागले सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई गत आव आव २०८१/८२ मा रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। त्यस अवधिमा रु ४९ अर्ब ८२ करोड राजस्व संकलन गरेको छ।

विभागले अघिल्लो आवमा भने सुक्खा बन्दरगाहलाई ६५ अर्ब ९४ करोड एक लाख २२ हजार राजस्व लक्ष्य निर्धारण गरेकामा ४७ अर्ब ३१ करोड एक लाख ९० हजार संकलन गरेको छ। चालु आवको साउन १ गतेदेखि भन्सार कार्यालय र सुक्खा बन्दरगाह भन्सार कार्यालय गाभिएर सेवा प्रवाह गर्दै आइरहेका छन्।

चालु आवको साउन महिनामा गाभिएका दुवै भन्सार कार्यालयले रु १८ अर्ब ३९ करोड ६७ लाख राजस्व संकलन गरेका छन्।

कार्यालयका अनुसार चालु आवको साउन महिनामा लक्ष्यको ८७ दशमलव ६८ प्रतिशत राजस्व संकलन भएको छ। साउनमा रु २० अर्ब ९८ करोड २१ करोड राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरिएको थियो। कार्यालयले गत आवको साउन महिनामा १५ अर्ब ९२ करोड राजस्व संकलन गरेको जनाएको छ। त्यसबेला दुई खर्ब ७३ अर्ब ३९ करोड ४८ लाख राजस्व संकलन लक्ष्य निर्धारण गरिएको थियो।

# रसुवागढी मितेरी पुल निर्माण : नेपालतर्फ जग खन्ने काम सुरु



**रसुवा/मस-** चीन सरकारले रसुवागढी नाकास्थित ल्हेन्दे खोलामाथि बनाउन लागेको मितेरी पुल निर्माणका क्रममा शुक्रबारदेखि नेपालतर्फ पनि काम सुरु भएको छ। गत असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले सो पुल बगाएपछि पुनः निर्माण गर्ने क्रममा यसअघि नै काम सुरु भएकामा शुक्रबारदेखि नेपालतर्फ पनि पिलरको जग खन्ने काम सुरु भएको हो।

रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीका अनुसार 'जुम स्काभेटर'को सहायताले ठूलाठूला हिमपाइपमार्फत खोलाको पानी एकीकृत गरी नेपालतर्फ प्रवेश गरी चिनियाँ टोलीले शुक्रबार बिहानदेखि बेलीब्रिज अड्याउने पिलारको जग खन्ने काम सुरु गरेको हो।

यही भदौ ३० गतेभित्र पुल निर्माणसम्पन्न गर्नेगरी दुई स्काभेटरले काम गरिरहे पनि निरन्तरको वर्षाका कारण तोकिएको समयमा निर्माणसम्पन्न नहुने प्राविधिक पक्षले जनाएको छ।

संघीय राजधानी काठमाडौंबाट नजिक पर्ने उत्तरतर्फ रसुवागढीस्थित प्रमुख नाका जोड्ने मितेरी पुल बगेसँगै सो नाकाबाट हुने व्यापार करिब ठप्प अवस्थामा रहेको स्थानीय भन्सार कार्यालयले जनाएको छ।

यसैबीच चिनियाँ प्राविधिकले ल्हेन्दे खोलामा हिमपाइप राखी आवतजावत गर्न सहज बनाएसँगै कामको सिलसिलामा केरुङ पुगी त्यहाँ फसेका १ सय ६३ रसुवालीलाई नेपाल आउन सफल भएको प्रमुख जिल्ला अधिकारी पन्थीले जानकारी दिए।

# भग्नावशेष हटाउन काठमाडौं महानगरका गाडी परिचालन



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले 'जेन-जी' प्रदर्शनका क्रममा सडकमा यत्रतत्र छरिएका भग्नावशेष हटाउने कार्य सुरु गरेको छ। फोहर तथा भग्नावशेष हटाउने क्रममा ब्रुमर, फोहर व्यवस्थापन र फोहर पन्छाउनेसहित १०० गाडी परिचालन गरिएको महानगरपालिकाअन्तर्गत वातावरण विभागका प्रमुख सरिता राईले जानकारी दिइन्। प्रमुख राईका अनुसार कालीमाटी, टेकु, त्रिपुरेश्वर, थापाथली, माइतीघर, बानेश्वरलगायत स्थानका सडक सफा गर्ने काम भइसकेको छभने अन्य केही स्थानको सडक सफा गर्ने काम जारी छ। उनले भनिन्, 'हाल महानगरको सफाइ टोलीले कार्यालय र व्यक्तिको घर भने सफा गरेको छैन। सडक सफा गर्ने काम मात्र भइरहेको छ।' जेनजी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडबाट उपत्यकास्थित प्रहरी कार्यालयमा उल्लेखनीय क्षति पुगेको र ती स्थानसहित व्यक्तिको घर, सार्वजनिक भवन तथा कार्यालय सफा गर्न अझै समय लाग्ने विभाग प्रमुख राईले जानकारी दिइन्। यसैबीच, महानगरपालिकाले सिसाजन्य तथा हानिकारक फोहरलाई व्यवस्थापन गर्न सम्बन्धित पक्षलाई अनुरोध गरेको छ।

# जेनजी आन्दोलनका नाममा बर्दिवासमा १ सय ८३ सालका रुख कटान



**धनुषा/मस-** जेनजी आन्दोलनका नाममा बर्दिवास नगरपालिका-५ टुटेश्वरस्थित टुटेश्वरनाथ साझेदारी वन उपभोक्ता समिति अन्तर्गतको १ सय ८३ बोट सालका रुख कटान गरिएको छ। जेनजी आन्दोलनका क्रममा मंगलबार प्रदर्शनकारीले कार्यालयमा आगजनी प्रयास गरेपछि १८ वटा रुख काटेका थिए। बुधबार थप १ सय ६५ बोट सालका रुख कटान गरिएको थियो।

प्रहरीले रुख कटान गर्ने दुई युवालाई पक्राउ गरे पनि गाउँलेको दबाबमा छाडेको र अनुसन्धान भइरहेको जनाएको छ। उपभोक्ता समितिका अध्यक्ष विनय झाका अनुसार जेनजी आन्दोलनको दिन दिउँसै कार्यालयमा पुगेर युवाले आगजनी प्रयास गरेका थिए।

प्रहरीले बुधबार रुख कटानमा संलग्न कृष्ण घलानसहित दुई युवालाई पक्राउ गरेको थियो। गाउँले सयौँको संख्यामा पुगेर घेरेपछि प्रहरीले छाडेको थियो। घटनाबारे अनुसन्धान भइरहेको डिभिजन वन कार्यालय महोत्तरीका डिभिजन प्रमुख अजयकुमार मिश्रले जानकारी दिए।

# भ्रामक समाचारमा विश्वास नगर्न सेनाको आग्रह



**काठमाडौं/मस-** नेपाली सेनाले भ्रामक र झुटा समाचारमा विश्वास नगर्न सबैलाई आग्रह गरेको छ। सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले शुक्रबार एक विज्ञप्ति जारी गरी विद्यमान परिस्थितिमा सेनालाई जोडेर विभिन्न प्रकारका टीकाटिप्पणी, धारणा र विश्लेषण सम्प्रेषण भएको भन्दै यस्तो आग्रह गरेको हो। सेनाले आफ्नो धारणा र गतिविधि नियमित रूरूपमा प्रेस विज्ञप्ति, प्रेस नोट र आधिकारिक सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्दै आएको जनाएको छ। साथै सेनासम्बन्धी सूचना आदानप्रदानका लागि सूचना निर्देशनालयलगायत स्थानीय स्तरमा पृतना हेडक्वार्टरसँग समन्वय गर्न सकिनेसमेत जानकारी गराइएको छ।

यसका लागि पूर्वी क्षेत्र (ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ, सुनसरी, खोटाङ, उदयपुर, सोलुखुम्बु, ओखलढुङ्गा) का लागि मोबाइल नं ९८५२०८१७०४, मध्यपूर्वी क्षेत्र (सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, रामेछाप र दोलखा) का लागि मोबाइल नं ९८५४०२०७७२, मध्य क्षेत्र (रसुवा, नुवाकोट, मकवानपुर, धादिङ, चितवन)का लागि मोबाइल नं ९८६३०२८८८४ र पश्चिम क्षेत्र (गोरखा, तनहुँ, स्याङ्जा, पर्वत, कास्की, मनाङ, लम्जुङ, बाग्लुङ, म्याग्दी र मुस्ताङ) का लागि मोबाइल नं ९८५६०११४३९ मा सम्पर्क गर्न सकिने विज्ञप्तिमा उल्लेख छ।

यसैगरी, मध्यपश्चिम क्षेत्र (नवलपरासी पूर्व, नवलपरासी पश्चिम, रुपन्देही, पाल्पा, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, दाङ, प्यूठान, रोल्पा, सल्यान, रुकुम पूर्व र रुकुम पश्चिम)का लागि मोबाइल नं ९८६३०२९१३७, उत्तर पश्चिम क्षेत्र (बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, कालीकोट, जुम्ला, डोल्पा, मुगु र हुम्ला)का लागि मोबाइल नं ९८६३०२९१७७, सुदूरपश्चिम क्षेत्र (कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी, अछाम, बाजुरा, बैतडी, दार्चुला र बझाङ) का लागि मोबाइल नं ९७६२३०६५६१ र उपत्यका क्षेत्र (काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक)का लागि मोबाइल नं ९८६०११३६२२ मा सम्पर्क गर्न सकिने जनाइएको छ।

मध्यान्ह
www.madhyanhadaily.com
२८ भदौ २०८२ शनिबार
13 September 2025 Saturday




***ग्यास बोकेका बुलेट नेपाल भित्रिँदै** : भारतबाट ग्यास बोकेर आएका बुलेट शुक्रबार रुपन्देहीस्थित बेलहिया नाका हुँदै नेपाल भित्रिँदै । जेनजी आन्दोलनपछि भन्सार अवरुद्ध रहकोमा शुक्रबारदेखि भैरहवा भन्सार कार्यालयले अत्यावश्यक समान बोकेका मालवाहक सवारी जाँचपास गरिरहेको छ । **तस्बिर : राधेश्याम विश्वकर्मा/रासस***

# ‘अहिलेको समयलाई कोर्स करेक्सनका रूपमा सदुपयोग गर्नुपर्छ’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ भदौ

अर्थतन्त्रका जानकारहरूले ‘जेनजी पुस्ता’को प्रदर्शनका कारण मुलुकले भौतिक रूपमा अत्यधिक क्षति बेहोरे पनि निजी क्षेत्रले अहिलेको समयलाई कोर्स करेक्सनका रूपमा सदुपयोग गर्नुपर्ने बताएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले शुक्रबार आयोजना गरेको ‘वर्तमान अवस्थामा अर्थतन्त्रका चुनौती र अबको बाटो’ विषयक भर्चुअल अन्तर्क्रियामा उनीहरूले ‘जेनजी पुस्ता’को प्रदर्शन बेथिति, कुशासन र भ्रष्टाचारविरुद्ध भएको उल्लेख गरेका छन् ।

नेपाल सरकारका पूर्वअर्थसचिव रामेश्वर खनालले भ्रष्टाचारविरुद्ध मुलुकभरबाट नागरिक एकसाथ जाग्नुलाई सकारात्मक रूपमा लिनुपर्नेमा जोड दिए ।

‘नयाँ पुस्ताको नेतृत्वमा मुलुकभरबाट भ्रष्टाचारविरुद्ध नागरिक एकसाथ जाग्नु हाम्रा लागि उपलब्धि हो, संविधान संशोधनलगायतका विषयपछि जोडिएका हुन्’, उनले भने, ‘अब यो अवसरलाई सदुपयोग गर्दै सरकारले पुनः निर्माण, नयाँ लगानीको अवसर सिर्जना र लगानीकर्ताको आत्मविश्वास बढाउनुपर्ने विषयलाई प्राथमिकता दिनुपर्छ ।’

पूर्वसचिव खनालले अहिलेको समस्या प्राकृतिक र महामारी विपत्ति नभई आन्तरिक रूपमा मानव सिर्जित समस्या भएकाले दातृ निकायबाट सहयोग प्राप्त हुने अवस्था सहज नभएको बताए ।

‘यस प्रकारको अवस्था २०३६ साल र माओवादीको द्वन्द्वको समयमा पनि देखिएको थियो, तत्कालीन समयमा भौतिक संरचनामा ठुलो क्षति पुगेको थियो, सडक, पुलमा ठुलो क्षति हुनुका साथै सञ्चार सेवा नै अवरुद्ध भएको अवस्था थियो,’ उनले भने, ‘तर अहिले त्यो अवस्था छैन, त्यसैले हामीलाई फेरि उठ्न ठुलो समस्या हुन्छ भन्ने लाग्दैन ।’



अन्य मुलुकको तुलनामा नेपाल छिटो ‘रिकभर’ गर्ने भएकाले प्रदर्शनको लगत्तै स्थिरतातर्फ उन्मुख हुनु मुलुकका लागि सकारात्मक पक्ष भएको पूर्वसचिव खनालको भनाइ थियो । उनले यस प्रदर्शनले भ्रष्टाचार र कुशासन हटाउँदै शासकलाई सच्चिनका लागि पनि सन्देश दिएको बताए ।

‘जेनजी पुस्ताले जुन विषय उठाएर प्रदर्शन गरे र त्यसले जुन रूप लियो, यसबाट हामीलाई भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउन तथा आसेपासे पुँजीवादको जालो भत्काउन सहयोग गरेको छ,’ उनले भने, ‘यसले आगामी दिनमा मुलुकमा देखिएको व्याप्त भ्रष्टाचार हटाउन सहयोग पुग्छ ।’

पूर्वसचिव खनालले यस प्रदर्शनले अर्थतन्त्रमा ठुलो योगदान दिएका क्षेत्र रेमिट्यान्स, कृषि र पर्यटनमा त्यति धेरै समस्या नपारेकाले रिकभर हुन धेरै समय नलाग्ने बताए । तर, यसका लागि सञ्चारमाध्यमले सूचना दिँदा सत्यतथ्य र संयमित हुन जरुरी रहेको उनको भनाइ थियो ।

‘सञ्चार माध्यम पनि संयमित हुन जरुरी छ, हिलटन होटलजस्ता प्रकरण दोहोरिन दिनुहुन्न, राजनीतिक प्रतिशोधका कारण भाटभटेनीमा ठुलो आक्रमण भएको छ,’ उनले भने, ‘बलियो अर्थतन्त्र र समाज निर्माणमा सञ्चारमाध्यमको पनि ठुलो भूमिका हुन्छ ।’

उनले अर्थतन्त्रको गतिशिलताका लागि सूचना महत्वपूर्ण औजार भएको बताए । बलियो अर्थतन्त्र निर्माणका लागि समावेशिता, समान वित्तीय पहुँच र समानता कायम गर्न सक्नुपर्नेमा उनले जोड दिए ।

त्यस अवसरमा अर्थशास्त्री डा. समिर खतिवडाले जेनजी पुस्ताको प्रदर्शनले नेपाललाई कोर्स करेक्सनको अवसर दिएको टिप्पणी गरे । ‘जेनजी पुस्ताको प्रदर्शनले ‘क्रोनी क्यापिटालिजम’लाई भत्काउने प्रयास गरेको छ, नयाँ पुस्ताले सुशासनयुक्त समाज निर्माणका लागि सन्देश दिएको छ,’ उनले भने, ‘यो फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को ग्रे लिस्टबाट नेपाललाई निकाल्न प्राप्त भएको अवसर पनि हो ।’

अर्थशास्त्री खतिवडाले एकाध पर्यटकीय पूर्वाधारमा क्षति पुगे पनि पर्यटन क्षेत्र अझै सम्भावना भएको क्षेत्र भएको बताए । उनले भने, ‘अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र पर्यटनमा ठुलो सम्भावना छ यद्यपि विदेशी पर्यटकको प्रवेश बिन्दु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समस्याका कारण केही पर्यटक निरुत्साहित हुन्छन् कि भन्ने भय भने विद्यमान छ, सरकारले अन्तर्राष्ट्रिय जगतमा सकारात्मक प्रचारप्रसार गर्न आवश्यक छ ।’

उनले अबको अर्थतन्त्रमा खुला, पारदर्शी र स्वतन्त्र नीति अपनाउनुपर्नेमा जोड दिए । अर्थशास्त्री खतिवडाले जेनजी पुस्ताको प्रदर्शनले प्रत्यक्ष विदेशी लगानीमा ठुलो असर नपर्ने बताए ।

‘हामीले ल्याइरहेको विदेशी लगानी कुल ग्राहस्थ्य उत्पादनको शून्य दशमलव ३ प्रतिशत मात्रै हो, त्यो आफैंमा सानो आकार भएकाले धेरै चिन्ता लिनुपर्ने अवस्था छैन, बरु अब यसलाई बढाएर कसरी ३ प्रतिशत बनाउन सकिन्छ भन्ने विषयमा काम गर्न सकिन्छ,’ उनले भने ।

# नवनिर्माण र पुनर्निर्माणमा जुट्न निजी क्षेत्रद्वारा अपिल

**काठमाडौं/मस-** ‘जेनजी’ आन्दोलनका क्रममा देशभर भएको जनधनको क्षतिप्रति निजी क्षेत्रका छाता संस्थाहरूले दुःख व्यक्त गर्दै तत्काल नवनिर्माण र पुनर्निर्माणमा जुट्न सार्वजनिक अपिल गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघले शुक्रबार विज्ञप्ति जारी गर्दै आन्दोलनका क्रममा भएका आगजनी तथा तोडफोडबाट अपूरणीय क्षति भएकामा दुःख व्यक्त गरेको छ । महासंघले निर्बाध पेसा-व्यवसाय सञ्चालनका लागि आवश्यक सुरक्षा माग गर्दै निजी क्षेत्रले बजारमा उपयोग्य वस्तुको अभाव हुन नदिन व्यवसायीलाई आग्रहसमेत गरेको छ ।



‘उद्योग, प्रतिष्ठान, कार्यालय एवं निवासमा समेत तोडफोड एवं आगजनीका घटना भएका छन् । यसरी व्यक्तिगत एवं व्यावसायिक सम्पत्तिमाथि भएका तोडफोडका घटनाको महासंघ भर्त्सना गर्दछ । साथै महासंघ व्यावसायिक एवं व्यक्तिगत सम्पत्तिमाथि आगामी दिनमा आक्रमण नहुने सुनिश्चितताका लागि सबैको ध्यानाकर्षण गराउन चाहन्छ,’ विज्ञप्तिमा भनिएको छ, ‘उद्योग व्यवसाय प्रतिष्ठानमा मुलुकभर नै अर्बौं रुपैयाँबराबरको क्षति भएको छ । यसबारे महासंघले थप विवरण संकलन गरिरहेको भए तापनि क्षतिका कारण राजस्व र कुल गार्हस्थ्य उत्पादनमै गम्भीर असर पर्ने प्रारम्भिक आँकलन गरिएको छ ।’

देशको समुन्नतिका लागि अन्योल अन्त्य भएर सुशासन कायम गर्ने कार्यमा समन्वय एवं सहकार्य गर्न निजी क्षेत्र तयार रहेको पनि महासंघले जनाएको छ । उद्यम व्यवसाय सञ्चालनका लागि सुरक्षाको प्रत्याभूति गरिनुपर्ने उनको भनाइ छ ।

‘नवनिर्माण एवं पुनर्निर्माणका लागि आगामी दिनमा आवश्यक पर्ने बजेटको मुख्य स्रोत निजी क्षेत्र रहेको हुँदा उद्यम व्यवसायको निर्वाध सञ्चालन गर्न आवश्यक शान्तिसुरक्षाको व्यवस्थाका लागि महासंघ आग्रह गर्छ,’ विज्ञप्तिमा भनिएको छ, ‘निजी क्षेत्रका गतिविधि निर्बाध रूपमा सञ्चालन हुन नसकेमा अर्थतन्त्रमा थप समस्या हुने र आगामी दिनमा राजस्वमा समेत नकारात्मक प्रभाव पर्न जानेछ ।’

निषेधाज्ञा एवं कर्फ्युका समयमा अत्यावश्क सेवा तथा पेसाकर्मीको आवतजावत एवं औषधी, खाद्यान्न, दुध, पानी फलफूल तरकारी, पेट्रोलियम पदार्थ आदिको ओसार पसार सहजीकरणका लागि पनि महासंघले आग्रह गरेको छ । यसैगरी, गुणस्तरीय सामानको नियमित आपूर्ति गरी बजारमा अभाव सिर्जना हुन नदिनेतर्फ देशैभरका उद्यमी व्यवसायीलाई अपिल गरिएको छ । अत्यावश्यक सामान आयात-निर्यातका लागि भन्सार नाकामा सुरक्षा दिई पुनः सञ्चालन गर्ने वातावरण निर्माणका लागि पनि महासंघले आग्रह गरेको छ ।

यस्तै, नेपाल चेम्बर अफ कमर्सले बिहीबार प्रेस विज्ञप्तिमार्फत आन्दोलनका क्रममा औद्योगिक र व्यावसायिक क्षेत्रमा गम्भीर क्षति भएको जनाउँदै वर्तमान चुनौतीपूर्ण परिस्थितिमा संवाद, सहकार्य र संयमता अपनाउन सरोकार भएका निकायको ध्यानाकर्षण गराएको छ । भ्रष्टाचार निवारण, सुशासन कायम, राज्य संयन्त्रको पारदर्शिता, रोजगारी सिर्जना र सरकारी सेवामा नागरिकको सहज पहुँच जस्ता ‘जेनजी’ले उठाएका विषयलाई सबै सरोकार भएकाले गम्भीरतापूर्वक लिनुपर्ने चेम्बरले अवश्यकता औंल्याएको छ ।

‘आन्दोलनका क्रममा भएको जनधनको क्षतिले देशमा थप निराशा फैलाउने, औद्योगिक तथा व्यावसायिक वातावरण खल्बल्याउने र लगानीमैत्री वातावरणमा प्रतिकूल असर पार्ने भएकाले सबै सरोकारवाला पक्ष संयमित बनेर निकास खोज्नुपर्ने आवश्यकता छ,’ विज्ञप्तिम उल्लेख छ, ‘आगामी दिनमा यस्ता खाले घटना दोहोरिन नदिन सरोकार भएका पक्ष र जेनजी पुस्ताका युवालाई संवाद र रचनात्मक सहकार्यमार्फत दीर्घकालीन समाधान खोज्न हामी आह्वान गर्दछौं । साथै, मुलुकको समग्र विकासमा सबै पक्षको सक्रिय सहभागिता पनि अपरिहार्य छ ।’

यस्तै, नेपाल ट्रक यातायात व्यवसायी महासंघले प्रेस विज्ञप्ति जारी गर्दै विगत केही दिनदेखि मुलुकभर यातायात ठप्प हुँदा दैनिक उपभोग्य सामग्री, कच्चापदार्थ, औद्योगिक उत्पादनदेखि औषधि आपूर्तिसमेत गम्भीर रूपमा प्रभावित भएको जनाएको छ । यसले व्यवसायी, चालक, सहचालक र मजदुरहरूको जीविकामा संकट ल्याएको र नागरिक असाधारण कठिनाइमा परेको पनि महासंघले जनाएको छ । यातायात व्यवसायीलाई राज्यले पूर्ण कानुनी सुरक्षा दिनुपर्ने मागसमेत गरिएको छ ।

# बिमा दाबीलाई सहज बनाउन निर्देशन

**काठमाडौं/मस-** नेपाल बिमा प्राधिकरणले यही भदौ २३ गतेदेखि उत्पन्न भएको असहज परिस्थितिका कारण सिर्जना भएको बिमा दाबीलाई छिटो र सहज ढंगले फछ्र्योट गर्न बिमा कम्पनीलाई निर्देशन दिएको छ ।




असहज परिस्थितिका कारण सिर्जित सार्वजनिक तथा निजी क्षेत्रमा अपूरणीय क्षति पुगेको र बिमितको धनसम्पत्तिमा हुन गएको क्षति र असहतालाई मध्यनजर गर्दै बिमा दाबीलाई सहज बनाउन प्राधिकरणले निर्जीवन बिमा कम्पनीलाई आग्रह गरेको निर्देशक कुन्दन सापकोटाले जानकारी दिए ।

असहज अवस्थाका कारण भएको क्षतिको बिमा दाबी भुक्तानीका विवरण साप्ताहिक रूपमा उपलब्ध गराउनसमेत प्राधिकरणले आग्रह गरेको छ । यही भदौ २३ र २४ गतेको प्रदर्शन तथा तोडफोडका कारण ठुलो जनधनको क्षति भएको छ ।

# असोज २ गतेसम्म सेयर बजार बन्द हुने

**काठमाडौं/मस-** आगामी असोज २ गतेसम्म नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सेयर कारोबार बन्द हुने भएको छ । भदौ २३ र २४ गते जेनजी पुस्ताका युवाको नेतृत्वमा भएको आन्दोलनको कारण मुलुकको अवस्था अस्तव्यस्त भएको कारणले नेप्सेले सेयर बजारको कारोबार बन्द भएको हो ।

नेप्सेले शुक्रबार एक सूचना जारी गर्दै आसोज २ गतेसम्म बजार बन्द भएको जानकारी दिएको हो । नेप्से प्रवक्ता मुराहरि पराजुलीले जारी गरेको सूचनामा भदौ २९ गतेदेखि असोज २ गतेसम्म दोस्रो कारोबार बन्द हुने उल्लेख छ । जेनजी आन्दोलनका कारण भदौ २४ गतेदेखि नेप्सेमा सेयर कारोबार बन्द भएको छ ।

**ट्रेकिङ लाइसेन्स र बिलबुक हराएको सूचना**

मिति २०८२/०५/१८ गते ११:०० बजेको समयमा बालाजु देखि ठमेल जाँदा मेरो निम्न व्यहोरा भएको ट्रेकिङ लाइसेन्स र बिलबुक हराएको हुँदा पाउनुहुने महानुभावले निम्न नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नाम: मिङमा तेन्डी शेर्पा**
**कागजातको नम्बर: १६५४५**
**ठेगाना: का.जि.का.म.नपा. १३, बालाजु**
**सम्पर्क नं: ९८५१२७८९९४**

**कतारमा रोजगार**
कम्पनी: DUSIT D 2 — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८२/०५/२७ — चलानी नं.: ६०२४४७०० — LT. No.: 330966

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker | 2 | 2 | स. काममा दक्ष | 1260 | ४८,८१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ (20 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SUPREME OVERSEAS PVT. LTD.** Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202,
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

**साउदीमा रोजगार**

१. कम्पनी: SARAH AYED FAHD AL-QAHTANI RESTAURANT ESTABLISHMENT FOR CATERING — शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०८२/०५/२६ — चलानी नं.: ६०२४४६८५ — L.T. No.: 330888

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४५,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: OSAMA HASSAN ABDULLAH AL HATTAN INVESTMENT COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/२६ — चलानी नं.: ६०२४४६८८ — L.T. No.: 330910

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Food and Beverage Counter Worker | 2 | 0 | | 1200 | ४५,१६८ | | | | | | | |

३. कम्पनी: ABDUL AZIZ HAMDAN AL-SHEHRI ESTABLISHMENT — शहर: ABHA
पूर्व स्वीकृत मितिः २०८२/०५/२६ — चलानी नं.: ६०२४४६८६ — L.T. No.: 330889

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४५,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी: KAFFA COFFEE ROASTERS SPECIALIZED FOR COFFEE — शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०८२/०५/२६ — चलानी नं.: ६०२४४६८४ — L.T. No.: 330887

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ४५,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी: RAYA AL TAHADI INVESTMENT COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/२६ — चलानी नं.: ६०२४४६८७ — L.T. No.: 330890

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४५,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज ७ गते (23 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क.नं. १ र २ निःशुल्क क.नं. ३, ४ र ५ रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.** Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

**UAE मा रोजगार**
कम्पनी : DUBAI PIPES FACTORY LLC — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०५/२६ — चलानी नं.: ६०२४४६७३ — L.T. No.: 330896

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 33 | 0 | स. काममा दक्ष | 1000 | ३८,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**KHUMBU OVERSEAS SERVICES PVT. LTD.** श्रम इजाजत पत्र नं. ४५६/०६०/०६१
सिनामंगल, काठमाडौं, नेपाल , फोन: ०१४११६६८३, Email:khumbuoverseas1@gmail.com

**कतारमा रोजगार**
कम्पनी : ABSWLW LTNZYFAT WMKAFHTULHSHRAT — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८२/०५/२६ — चलानी नं.: ६०२४४६४३ — L.T. No.:330899

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner Public | 2 | 0 | | 1000 | ३८७४० | | | | | | | |
| 3. | Dry Clean Worker | 13 | 4 | | 1000 | ३८७४० | | | | | | | |
| 4. | Mason Brick | 2 | 0 | | 1200 | ४६४८८ | | | | | | | |
| 5. | Cashier | 0 | 2 | | 1500 | ५८११० | | | | | | | |
| 6. | Receptionist | 0 | 2 | | 1500 | ५८११० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Mac International Manpower Pvt. Ltd.** श्रम इजाजत नं. १०७७/०७३/०७४
Pinglasthan-9 Gaushala Kathmandu, Nepal. Tel-: +977-1- 4589970, 4589920.
Email: macintlmanpower@gmail.com Website : www.macintlmanpower.com

# यु-१७ फुटबल टिम श्रीलंका जाँदै



**काठमाडौं/मस–** श्रीलंकामा आगामी आइतबारदेखि सुरु हुने यु-१७ साफ च्याम्पियनसिपमा सहभागी हुन नेपाली राष्ट्रिय यु-१७ फुटबल टोली शनिबार बिहान कोलम्बो प्रस्थान गर्ने भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले शुक्रबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा एक कार्यक्रम आयोजना गर्दै टिमलाई बिदाइ गरेको हो ।

एन्फाका पदाधिकारी तथा प्रशिक्षकहरूले प्रतियोगितामा राम्रो प्रदर्शन गर्ने अपेक्षा व्यक्त गर्दै खेलाडीलाई शुभकामना दिएका छन् । नेपाल यसअघिका संस्करणहरूमा नियमित प्रतिस्पर्धी भए पनि शीर्ष स्थानमा पुग्न नसकेको अनुभव दोहोरिन नदिने अठोटसहित टोली त्यसतर्फ जाने तयारीमा छ ।

साफ यु-१७ च्याम्पियनसिपमा यसपटक सात टोली सहभागी छन् । प्रतियोगिता दुई समूहमा विभाजन गरिएको छ । आयोजक श्रीलंका र बंगलादेशसहित नेपाल समूह 'ए' मा परेको छ । समूह 'बी' मा डिफेन्डिङ च्याम्पियन भारतसँगै पाकिस्तान, भुटान र माल्दिभ्स छन् ।

नेपालले आफ्नो पहिलो खेल सोमबार घरेलु टोली श्रीलंकाविरुद्ध खेल्नेछ भने दोस्रो खेल सेप्टेम्बर १८ मा बंगलादेशविरुद्ध हुनेछ । प्रत्येक समूहको शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । सेमिफाइनलका खेलहरू सेप्टेम्बर २५ मा हुनेछन् भने फाइनल सेप्टेम्बर २७ का लागि तय गरिएको छ ।

टोलीको नेतृत्व मुख्य प्रशिक्षक संजीव सिंहले गर्नेछन् । उनले घोषणा गरेको २३ सदस्यीय अन्तिम टोलीमा तीन गोलकिपर, आठ डिफेन्डर, आठ मिडफिल्डर र चार फरवार्ड समावेश छन् । नेपाली खेलाडीमा गोलकिपर पेम्बा नुर्बु भोटे, राम बोहरा, विशेष बानियाँ, डिफेन्डर प्रशान्त मोक्तान, दीपेन कार्की, धीरज रावल, आदित्य रानामगर, भुवन कामी, अनमोल कार्की, मौसम रोकाया, अनोज खड्का, मिडफिल्डर प्रशान्त म्याङ्बो, राम थामी, कृष्त भण्डारी, प्रतिश थापामगर, भुपेश लामा, नसीब हेन्जन, सुशान मगर, सुजन स्याङताङ र फरवार्ड समीर कुमार, दिग्विजय शाही, निसकुमार श्रेष्ठ र रोहित श्रेष्ठ रहेका छन् ।

बिदाइ कार्यक्रममा एन्फाका पदाधिकारीहरूले यु-१७ टोली भविष्यको राष्ट्रिय फुटबलको आधारशिला हुने भएकाले यस प्रतियोगितामा प्राप्त अनुभव अत्यन्त महत्वपूर्ण हुने बताएका छन् । युवा खेलाडीलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने अवसर दिनु नै एन्फाको प्राथमिकता रहेको र यसपटकको सहभागिता त्यसकै निरन्तरता भएको उल्लेख गरिएको छ ।

# एसिया कपमा बंगलादेशको विजयी सुरुवात



**काठमाडौं/मस–** बंगलादेशले एसिया कप टी-२० क्रिकेटमा विजयी सुरुवात गरेको छ । बिहीवार भएको पहिलो खेलमा कप्तान लिटन दासको अर्धशतकको बलमा बंगलादेशले हङकङलाई ७ विकेटले हराएको हो ।

पहिले ब्याटिङ गरेको हङकङले २० ओभरमा ७ विकेटको क्षतिमा १४३ रन बनाएको थियो । हङकङका लागि निजाकत खानले ४० बलमा ४२ रन बनाए । तर अन्य ब्याट्सम्यानले योगदान दिन नसक्दा टोली प्रतिस्पर्धी स्कोर बनाउन असफल भयो ।

बंगलादेशका तन्जिम हसन साकिबले २१ रन खर्चिँदै २ विकेट लिए । त्यस्तै, तास्किन अहमद र रिशाद हुसैनले पनि समान २-२ विकेट हात पारे । जवाफमा बंगलादेशले १४ बल बाँकी छँदै लक्ष्य पछ्यायो । कप्तान दासले ३९ बलमा ५९ रन प्रहार गर्दै जितको आधार तयार पारे । उनले ६ चौका र १ छक्का प्रहार गर्दै तौहीद हृदयसँग तेस्रो विकेटका लागि ९५ रनको महत्वपूर्ण साझेदारी गरे ।

दास लक्ष्यभन्दा २ रन टाढा रहँदा आउट भए पनि हृदयले नटआउट ३५ रन बनाउँदै १८औं ओभरमा जित दिलाए ।

समूह 'बी' मा बंगलादेश, हङकङसँगै अफगानिस्तान र श्रीलंका रहेका छन् । त्यस्तै, समूह 'ए' मा भारत, पाकिस्तान, ओमान र युएई छन् । आज समूह 'ए' मा पाकिस्तान र ओमानबीच खेल हुनेछ ।

# भारत–पाकिस्तान भिडन्तलाई लिएर विवाद, विरोध र प्रतीक्षा





**काठमाडौं/मस–** एसिया कप क्रिकेटअन्तर्गत सेप्टेम्बर १४ मा भारत र पाकिस्तानबीच हुने महाभिडन्तले खेल मैदानभन्दा बाहिर समेत ठुलो बहस र विवाद निम्त्याएको छ । दुबई इन्टरनेशनल स्टेडियममा हुने यो खेललाई लिएर भारतभित्र फरक-फरक प्रतिक्रिया आएका छन् ।

हालैको पहलगाम आतंकी आक्रमण र 'अपरेसन सिन्दूर' पछि दुई देशबीच हुने यो पहिलो ठुला प्रतिस्पर्धा भएकाले राजनीतिक दल, पूर्व खेलाडी र सर्वसाधारणबीच मतभेद बढेको हो । कतिपयले पाकिस्तानसँग खेल्नु राष्ट्रको अपमान भएको तर्क गरेका छन् भने कतिपयले अन्तर्राष्ट्रिय प्रतियोगितामा राजनीति मिसाउन नहुने भन्दै खेल हुनुपर्ने समर्थन गरेका छन् । भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)का अधिकारीहरुले एसीसी र आईसीसी प्रतियोगितामा सहभागी राष्ट्रसँग खेल्नु अनिवार्य हुने भन्दै खेल टार्न नसकिने बताएका छन् । आइपिएल अध्यक्ष अरुण धूमलले भने, 'सरकारले पाकिस्तानसँग खेलकुद सम्बन्धमा स्पष्ट नीति बताइसकेको छ । अन्तर्राष्ट्रिय प्रतियोगितामा भिड्नु अनिवार्य हुन्छ ।'

तर शिवसेना नेता आदित्य ठाकरेले भने, 'जसले भारतमा आतंक छरिरहेको छ, निर्दोष नागरिकको ज्यान लिइरहेको छ, त्यही पाकिस्तानसँग बीसीसीआई किन खेल्न उत्साहित छ ?' भन्दै कडा आपत्ति जनाएका छन् । पूर्वक्रिकेटर हरभजन सिंहले समेत भारत-पाकिस्तानबीच राजनीतिक सम्बन्ध सामान्य नहुँदासम्म क्रिकेट वा व्यापारिक सम्बन्ध हुन नहुने बताएका छन् । उनले गत जुलाईमा भएको वर्ल्ड लिजेन्ड्स च्याम्पियनसिपमा समेत पाकिस्तानविरुद्ध खेल्न अस्वीकार गरेका थिए ।

भारत-पाकिस्तान खेल रोक्न मागसहित सर्वोच्च अदालतमा याचिका परेको थियो । तर न्यायाधीश जेके माहेश्वरी र विजय बिश्नोईको संयुक्त इजलासले यो विषयमा हस्तक्षेप गर्न अस्वीकार गर्दै, 'यो त केवल एउटा खेल मात्र हो' भनेर मुद्दा खारेज गरिदियो ।

पञ्जाब किंग्सले खेलबारे सामाजिक सञ्जालमा पोस्ट गर्दा पाकिस्तानको झण्डा राखिएको थिएन । उक्त खाली स्थानलाई लिएर फ्यानहरुले विभिन्न किसिमका प्रतिक्रिया जनाएका छन् । कतिले यसलाई सचेत सन्देश भने भने, कतिले आलोचना गरे ।

भारतले आयोजना गरेको बिहारको राजगीरमा भइरहेको हकी एसिया कपमा पाकिस्तान सहभागी नभएको छ । यसबारे भारतीय संसदको मानसून सत्रमा समेत प्रश्न उठाइएको थियो । यसले क्रिकेटमात्र नभई अन्य खेलमा पनि दुई मुलुकबीचको तनाव झल्काएको छ ।

## एसिया कप

१४ सेप्टेम्बरको समूह चरणको खेलपछि दुबै टिम सुपर-४ मा प्रवेश गरेमा २१ सेप्टेम्बरमा दोस्रो पटक भेट हुने सम्भावना छ । यदि दुवै टोली फाइनलमा पुगे भने २८ सेप्टेम्बरमा तेस्रोपटक पनि एसिया कपमै आमनेसामने हुनेछन् । यसकारण यस संस्करणमा भारत-पाकिस्तानबीच तीनसम्म खेल हुने सम्भावना रहेको छ ।

एसिया कपको इतिहासमा दुवै टोली १८ पटक भिडिसकेका छन् । भारतले १० खेल जित्दा पाकिस्तानले ६ मा विजयी भएको छ । दुई खेल नतिजाविहीन भएका थिए । पछिल्लो दशकमा भने प्रतिद्वन्द्विता एकतर्फी जस्तै बनेको छ, जहाँ पाकिस्तानले ७ मध्ये केवल १ खेल मात्र जित्न सकेको छ । भारतले ८ पटक एसिया कपको उपाधि जितिसकेको छ भने पाकिस्तानले २ पटक मात्र । रोचक कुरा के छ भने दुवै टोली कहिल्यै फाइनलमा आमनेसामने भएका छैनन् । भारततर्फ विराट कोहली पाकिस्तानविरुद्ध एसिया कपमा शीर्ष रन स्कोरर हुन् । उनले ८ खेलमा ४७६ रन बनाएका छन्, जसमा २ शतक र १ अर्धशतक छन् । रोहित शर्माले ४७४ रन जोडेका छन् । तर दुबै खेलाडी अहिलेको टिममा छैनन् । बलिङतर्फ भुवनेश्वर कुमारले ५ खेलमा १० विकेट लिएका थिए । अहिले कुलदीप यादव र हार्दिक पाण्ड्याले पाकिस्तानविरुद्ध प्रभावकारी प्रदर्शन गर्ने अपेक्षा गरिएको छ ।

पाकिस्तानतर्फ शोएब मलिक भारतविरुद्ध शीर्ष रन स्कोरर हुन् । उनले ६ खेलमा ४३२ रन बनाएका छन् । बलिङतर्फ सईद अजमलले ४ खेलमा ८ विकेट लिएका थिए भने हालका स्टार बलर शाहीन शाह अफरीदीले पनि भारतविरुद्ध उत्कृष्ट प्रदर्शन गर्ने अपेक्षा गरिएको छ ।

चार दशकभन्दा लामो इतिहास बोकेको एसिया कपले भारत-पाकिस्तान प्रतिद्वन्द्वितालाई सधैं रोमाञ्चक बनाएको छ । दुबईमा हुने १४ सेप्टेम्बरको भिडन्तले पुनः एकपटक खेल र राजनीतिलाई एउटै मैदानमा ल्याएको छ । अब प्रश्न यही छ–यो भिडन्त केवल खेलमै सीमित हुनेछ वा राजनीति र विवादको मैदान अझ तातिनेछ ?

# मलेसियामा 'एनएफए कप-२०२५' हुने

**दिवस रिजाल/मध्यान्ह**
पेनाङ, मलेसिया, २७ भदौ

मलेसियामा स्थापित फुटबल क्लबहरूको साझा संस्था नेपाली फुटबल संघ मलेसियाले पहिलो पटक 'एनएफए कप-२०२५' आयोजना गर्ने घोषणा गरेको छ ।

आयोजक संस्थाका अनुसार यो प्रतिष्ठित प्रतियोगिता आगामी १९ र २० अक्टोबर २०२५ मा पेनाङ राज्यको बुकित मेर्ताजाममा हुने तय भएको छ ।

प्रतियोगितामा सहभागी हुन टोली दर्ता २० सेप्टेम्बर २०२५ भित्र गर्न सकिनेछ । विजेताले आरएम ३० हजार प्राप्त गर्नेछ भने उपविजेताले आरएम १५ हजार पुरस्कार पाउने छन् ।

आयोजक संघका अनुसार प्रथम 'एनएफए कप-२०२५'को उद्देश्य मलेसियामा रहेका नेपाली आप्रवासीबीच एकता, मैत्री र खेल भावना मजबुत बनाउनुका साथै प्रतिभावान खेलाडीलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर उपलब्ध गराउनु हो ।

नेपाली फुटबल संघ मलेसियाले देशभरका सबै नेपाली फुटबल टोलीलाई प्रतियोगितामा सहभागी हुन आह्वान गरेको छ । साथै, खेलप्रेमी, समर्थक र सम्पूर्ण नेपाली समुदायलाई पेनाङ उपस्थित भई यो ऐतिहासिक क्षणलाई सफल बनाउन निमन्त्रणा गरिएको छ ।


## कुवेतमा रोजगार

कम्पनी: CLEAN GENERAL BUILDING CLEANING COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०५/२६ — चलानी नं.: ६०२४४६७६ — LT. No.: 330930

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Labour -Indoor | 10 | 0 | स. काममा दक्ष | 100 | ४६,२१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: CLEAN GENERAL BUILDING CLEANING COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०५/२७ — चलानी नं.: ६०२४४६९८ — LT. No.: 330973

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 300 | 0 | स. काममा दक्ष | 90 | ४१,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: 02 DELIVERY COMPANY FOR DELICERING CONSUMER ORDDERS — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०५/२७ — चलानी नं.: ६०२४४६९५ — LT. No.: 331009

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehical Driver | 90 | 0 | स. काममा दक्ष | 140 | ६४,७०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

निलकमल ह्युमन रिसोर्स प्रा. लि. Gov. lic. No. 793/065/66
Sinamangal -9, Prakash Sanyas Asram Marg airport kathmandu
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160, 9823325539, 9801117416
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Branch- Chitwan 056598203 | Birtamode 023591044 | Nepalgunj 9823986857, Rautahat 984-0708582

## युएईमा रोजगार

कम्पनी: UKHUR ALMARJAN TECHNICAL SERVICES L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/२६ — चलानी नं.: ६०२४४६७५ — LT. No.: 330340

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipefitter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Tile Layer | 2 | 0 | | 1500 | ५७,६७५ | | | | | | |
| 3. | Painter | 4 | 0 | | 1500 | ५७,६७५ | | | | | | |
| 4. | Plumber | 3 | 0 | | 1500 | ५७,६७५ | | | | | | |
| 5. | Steel Fixer | 4 | 0 | | 1500 | ५७,६७५ | | | | | | |
| 6. | Plasterer/mson | 3 | 0 | | 1500 | ५७,६७५ | | | | | | |
| 7. | Carpenter | 3 | 0 | | 1500 | ५७,६७५ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

New S.V. International Pvt. Ltd. Lic No.: 426/060/061
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: 015913575, 9704888695, 980-1048691, 9851189176 | E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np

## ओमनमा रोजगार

कम्पनी: UNITED INTERNATIONAL COMPANY — शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/०५/२६ — चलानी नं.: ६०२४४६७० — L.T. No.:330925

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook-Arabic Food | 2 | 0 | स. काममा दक्ष | 150 | ५५,०१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SUN HILLS OVERSEAS SERVICES PVT. LTD. Gov.Lic. No. 818/066/067
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोन: ०१-५९०४०५८
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com.Mobile: 9813737367 / 9851343472 / 9851343372

## युएईमा रोजगार

कम्पनी: Mohammed Abdulmohsin Al-kharafi & Sons L.L.C — शहर: Abu Dhabi
पूर्व स्वीकृत मिति: २०८२/०५/२७ — चलानी नं.: ६०२४४७०३ — L.T. No.: 330908

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 200 | 0 | स. काममा दक्ष | 1000 | ३८,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26, Kathmandu, Tel : 4970366, 4970466, 9802090466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## कतारमा रोजगार

कम्पनी: HERO START TRADING AND HOSPITALITY SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०५/२६ — चलानी नं.:६०२४४६९० — L.T. No.:330907

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Cleaning Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Administration Staff | 1 | 0 | | 2000 | ७७४८० | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1800 | ६९७३२ | | | | | | |
| 4. | Representative Officer | 1 | 0 | | 2500 | ९६८५० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/- |

C.D. HUMAN RESOURCES PVT. LTD. Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Contact no: 9801081245, 9801081248, 9801081249, 9801081250, 9801081255, 9851005776.

## साइप्रसमा रोजगार

कम्पनी: G.PAPHIOS PRIVATE EMPLOYMENT IMMIGRATION SERVICES — शहर: LIMASSOL
पूर्व स्वीकृत मिति: २०८२/०५/२६ — चलानी नं.: ६०२४४६७७ — LT. No.: 330891

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ६६,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY — शहर: LIMASSOL
पूर्व स्वीकृत मिति: २०८२/०५/२६ — चलानी नं.: ६०२४४६७९ — LT. No.: 330892

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ६६,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

D.I.Recruitment Agency Pvt.Ltd.
श्रम इजाजत नं १७५९/०७१/०७२
Maharajgunj-3, Amrit Bhawan 3rd Floor, Kathmandu, Nepal. Tel No:01-5924237
Email:info@direc ruitmentagency.com, website: www.direcruitmentagency.com
Mobile No: 9802360209 / 9851400933 / 9849142191 / 9768412512 / 9861561442.

## कुवेतमा रोजगारको अवसर

कम्पनी: RENAD SWEETS AND PASTRIES COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०९/११ — चलानी नं.: ६०२३०३०५ — LT. No.: 316004 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bakery Chef | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Car Driver | 3 | 0 | | 150 | ६९,३२५ | | | | | | |
| 3. | Restaurant (Kitchen Helper) | 7 | 3 | | 135 | ६२,३९२ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Guideline Recruitment Service Pvt. Ltd. Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497, 982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## ओमनमा रोजगार

कम्पनी: ABAQ IZKI FOR MODERN PROJECTS — शहर : OMAN,IZKI
पूर्व स्वीकृत मिति: २०८२/०५/२६ — चलानी नं.: ६०२४४६९२ — LT. No.: 330873

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 150 | ५५,०१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ४ गते (20 September 2025) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय काठमाडौंमा २०८२ असोज ५ गते (21 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

K.S.B. INTERNATIONAL PVT. LTD. Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01- 4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Itahari Contact No: 025-590813, 9842291471

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
२८ भदौ २०८२ शनिबार
13 September 2025 Saturday



# जेनजीलाई समर्थन गरेपछि दीपकराजलाई धम्की

**काठमाडौं/मस–** अभिनेता तथा निर्माता दीपकराज गिरीले जेनजी आन्दोलनलाई समर्थन गरेपछि आफूलाई धम्की आउन थालेको दाबी गरेका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत उनले शुक्रबार सार्वजनिक गरेको लामो स्टाटसमा केही दिनदेखि इनबक्स सन्देश र फोनकलमार्फत धम्की आइरहेको खुलासा गरेका हुन् ।

गिरीका अनुसार धम्की दिनेहरूले उनलाई 'कलाकार भएर जेन-जेडलाई उकास्ने ? हिसाब राखिन्छ' भन्दै सतर्क गराएका छन् । उनले धम्की दिने कतिपय व्यक्तिलाई ठुला दलका कार्यकर्तासँग जोडेर संकेत गरेका छन् । दीपकराजले आफूलाई आएका कतिपय धम्कीपूर्ण फोनकल रेकर्डसमेत सुरक्षित राखेको उल्लेख गरेका छन् । 'अस्तिको दिनदेखि कहिले इनबक्समा त कहिले फोनमै धम्की आउन थालेको छ । केही कलहरूको रेकर्ड पनि मेरोसँग छ,' गिरीले लेखेका छन् । उनले पहिलो दिन भ्रष्टाचारविरुद्ध उठेको जेन-जेड आन्दोलनलाई शान्तिपूर्ण रहोस् भन्ने शुभकामना मात्र दिएको तर दोस्रो दिन विद्यार्थीको जीवन गुमेपछि चुप लागेर बस्न नसकेको स्पष्ट पारे ।

गिरीले दोस्रो दिनदेखि आफू र आफ्ना धेरै कलाकार साथीहरूले सामाजिक सञ्जालमार्फत प्रधानमन्त्रीलाई राजीनामा दिन आग्रह गरेको स्मरण गरे । उनका अनुसार आन्दोलन शान्तिपूर्ण राख्न र हिंसा रोक्न आफूहरूले पटक-पटक आह्वान गरे पनि स्वार्थ समूह घुसेपछि परिस्थिति नियन्त्रणबाहिर पुगेको थियो ।

'प्रधानमन्त्रीले ढिलो राजीनामा दिएपछि आन्दोलन अझ भड्कियो । त्यसको फाइदा विभिन्न तत्वले उठाए, जसले गर्दा लुटपाट, आगजनीजस्ता घटना भए,' उनले लेखेका छन् ।

दीपकराजले यसअघि पनि आन्दोलनमा सक्रिय भूमिका खेलेको भन्दै आफ्नो अडानलाई स्वार्थसँग जोड्न नहुने स्पष्ट पारेका छन् । '२०४६ सालको आन्दोलनमा तपाईंहरूसँगै सडकमा थिएँ । ६२/६३ को आन्दोलनमा त पेशा धरापमा राखेर जनताको मागलाई समर्थन गरेको थिएँ । अहिले पनि लोभ वा स्वार्थले होइन, सुशासन र भ्रष्टाचारविरुद्धको मुद्दा उठेकाले जेन-जेडलाई साथ दिएको हुँ,' गिरीले भनेका छन् ।

गिरीले पछिल्ला आन्दोलनमा दोषी मात्र होइन निर्दोष नागरिकसमेत भुक्तभोगी बनेको उल्लेख गर्दै आफू पनि धम्कीका कारण त्यसैको सूचीमा पर्न सक्ने अवस्था आएको जनाए । 'यदि धम्की दिनेहरूले भनेझैँ भयो भने म पनि निर्दोष पीडितको सूचीमा थपिनेछु भन्ने चित्त बुझाउनु बाहेक विकल्प छैन,' उनले स्टाटसमा उल्लेख गरेका छन् ।

आन्दोलनमा सबै पक्षबाट गल्ती भएको भन्दै उनले बदलाको राजनीति नगरी आत्मसमीक्षा गर्न आग्रह गरेका छन् । 'सबैले आ-आफ्नो गल्ती स्वीकार गरेर क्रान्ति, प्रतिक्रान्ति र बदलाका कुरा छाडेर अब मुलुक निर्माणतर्फ लाग्नुपर्ने हो कि ?' गिरीले लेखेका छन् ।

हालैको जेनजी आन्दोलनमा कलाकारहरूको सक्रियता उल्लेख्य थियो । दीपकराज गिरीसहित उनका साथीहरूले निरन्तर स्टाटस लेखेर आन्दोलनलाई समर्थन गर्ने तथा हिंसा रोक्न सरकारलाई दबाब दिने काम गरेका थिए । तर गिरीका अनुसार सरकार समर्थक केही व्यक्तिहरू अहिले उल्टै कलाकारलाई दोषी ठहऱ्याउँदै धम्की दिन थालेका छन् ।

# होटल जलेपछि कोमल वलीले पोखिन् आक्रोश



**काठमाडौं/मस–** गायिका कोमल वलीले जेनजी आन्दोलनको क्रममा आफूले दाङमा सञ्चालन गर्दै आएकी 'कोमल होटल'मा आगजनी भएपछि आक्रोश पोखेकी छन् । उक्त घटनापछि एमाले नेतृसमेत रहेकी वलीले आन्दोलनकारीलाई प्रश्न गर्दै आफ्नो दुःख, पीडा र आक्रोश सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेकी छन् ।

वलीले लेखेकी छन्, 'गाउँकै ४० युवालाई रोजगारी दिएको होटल जलाएर के पायौ ? ४० जनाको रोजगारी खोस्नु नै जेनजी क्रान्ति हो ?'

उनले जेनजी आन्दोलनप्रति आफ्नो समर्थन कायम रहेको स्पष्ट पार्दै आन्दोलनको आवरणमा भएको हिंसात्मक गतिविधिप्रति असन्तुष्टि व्यक्त गरिन् । 'जेनजीको क्रान्ति र परिवर्तनको नाममा आएको युवाको उर्जामाथि गर्व गर्छु, तर सोही नाममा अरूले गरेको यो काम के साँच्चै आन्दोलनको हिस्सा हो ? मेरो घर ध्वस्त पार्नु, होटलमा आगो लगाउनु, ४० जनाको रोजगारी खोस्नु परिवर्तनको बाटो हो ?' वलीले प्रश्न उठाइन् ।

उनका अनुसार होटलसँगै पानी आपूर्ति गर्ने इसर ट्रक र टाटा योद्धा गाडी समेत जलाइए । 'पानी पुऱ्याउने गाडी जलाउँदा पनि हात नकामेको देख्दा मन अझै पोल्छ,' उनले भनेकी छन् ।

वलीले आफ्नो जीवनभरको लगानी, पसिना र ऋणमा निर्माण भएको होटल नियतवश खरानी बनाइएको आरोप लगाइन् । 'मैले सधैं साथ दिएको उमेर समूहकै आन्दोलनको आवरणमा मेरो पसिना, आँसु र सपना यसरी खरानी बनाइयो । यस्ता काम गर्नेहरूलाई कहिल्यै भलो हुँदैन,' उनको भनाइ छ ।

उनले आन्दोलनका क्रममा शहादत प्राप्त युवाप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरिन् । साथै निर्दोषले अनाहकमा ज्यान गुमाएको घटनाले आफ्नो छाती चिरिएको बताइन् ।

वलीले आफू कहिल्यै भ्रष्टाचारमा संलग्न नभएको दाबी पनि गरिन् । 'मैले उपचार खर्चका नाममा सुविधा लिएको छैन, आर्थिक प्रलोभनमा पनि परेकी छैन । मेरो आत्मसम्मान र देशप्रतिको माया खरानी बनाउन कसैले सक्दैन,' उनले उल्लेख गरिन् ।

कोमल होटल वलीले रेडियो नेपालमा समाचार वाचन र गीत गाएर कमाएको पारिश्रमिकले किनेको जग्गामा बनेको हो । 'बीस वर्षअघि आम्दानी र ऋण जोडेर बनाएको यो सपना आज खरानी बनाइयो । यो होटल केवल मेरो निजी सम्पत्ति मात्र थिएन, गाउँको पसिना र श्रमसँग जोडिएको थियो,' उनले भनिन् ।

उनले स्पष्ट पारिन्, आफू तुलसीपुरका पाँचतारे होटलसँग प्रतिस्पर्धा गर्ने उद्देश्यले होइन, गाउँलाई रोजगारी दिने, स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने र सँगै समृद्धिको बाटोमा अघि बढाउने लक्ष्यसहित होटल खोलेकी थिइन् ।

वलीले आफ्ना विगतका अनुभव स्मरण गर्दै भनिन्, 'म हुँदाखाने परिवारकी होइन, सामान्य तर इमानदार परिवारकी छोरी हुँ । बाल्यकालदेखि खेलाडी र गायिका बनेर प्रतिभा देखाएँ । गीत गाएरै छात्रवृत्ति पाएँ, कक्षा १० सम्म पढें । त्यसपछि रेडियो नेपालमा समाचार वाचन सुरु गरें, जहाँ करिब १८ वर्षसम्म सेवामा रहें ।'

गीत, संगीत र सञ्चारमार्फत देश-विदेशमा नेपाललाई चिनाएको अनुभव स्मरण गर्दै उनले थपिन्, 'रेडियो नेपालमा सेवा गरेपछि सेवामुखी जीवन बिताउने संकल्पसहित राजनीति रोजें । २०७४ सालमा राष्ट्रिय सभामा सांसद निर्वाचित भइ चार वर्षे कार्यकालभर सकेसम्म सबैको सेवा गर्ने प्रयास गरें ।'

उनले आफ्नो सम्पूर्ण जीवन इमान र निष्ठामा अडिएको दाबी गर्दै भनिन्, 'म कहिल्यै भ्रष्टाचारमा फसेकी छैन, पदमा रहँदा सुविधामात्र मागेकी छैन । मेरो बाटो सधैं सेवा र समर्पणमै अडिएको छ ।'

होटल जलाइए पनि आत्मसम्मान र देशप्रतिको माया अझै जिवन्त रहेको वलीको भनाइ छ । 'पसिना र मेहनतको परिणाम खरानी भए पनि मेरो आत्मसम्मान र देशप्रतिको माया कहिल्यै खरानी हुन सक्दैन । यस्ता विनाशकारी कार्यले आन्दोलनको नैतिकता कमजोर बनाउँछ,' उनले लेखेकी छन् ।

# पञ्जाबका बाढी पीडितलाई शाहरुख खानको सहयोग



**काठमाडौं/एजेन्सी–** पञ्जाबमा हालै आएको भीषण बाढीले जनजीवन तहसनहस पारेको छ । हजारौं परिवार बेघर भएका छन् भने सयौं बस्ती अझै पनि कठिन परिस्थितिबाट गुज्रिरहेका छन् । यस्तो विषम अवस्थामा बलिउड अभिनेता शाहरुख खानले आफ्नो मानवीय संवेदनशीलता देखाउँदै बाढी प्रभावित परिवारलाई सहयोग गर्ने घोषणा गरेका छन् ।

उनको मीर फाउन्डेसनले स्थानीय गैरसरकारी संस्थाहरूसँग मिलेर तत्कालीन राहत वितरण सुरु गरेको छ । फाउन्डेसनका अनुसार अमृतसर, पटियाला, फाजिल्का र फिरोजपुर जिल्लाका करिब १५ सय परिवारलाई आपतकालीन सहयोग पुऱ्याइनेछ ।

मीर फाउन्डेसनले वितरण गर्ने राहत सामग्रीमा औषधि, स्वास्थ्य सामग्री, सरसफाइका सामान, खानपिनका वस्तु, मच्छरदानी, तिरपालका चादर, भाँज्न मिल्ने ओछ्यान, कपासका गद्दा लगायत दैनिक जीवनका आवश्यक सामग्री समावेश गरिएको छ । यी सामग्रीले पीडितलाई तत्काल स्वास्थ्य, सुरक्षा र आश्रयको न्यूनतम आवश्यकतालाई पूरा गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ ।


बाढीपछि सामाजिक सञ्जालमार्फत प्रतिक्रिया जनाउँदै शाहरुख खानले लेखेका थिए, 'पञ्जाबमा आएको यस भीषण बाढीबाट पीडित सबै प्रति मेरो मन दुःखी भएको छ । म आफ्नो शक्ति र प्रार्थना उनीहरूलाई समर्पित गर्छु । पञ्जाबको जुझारु आत्मा कहिल्यै कमजोर नहोस्, भगवानले सबैलाई साथ दिनुहोस् ।'

शाहरुख खानले स्थापना गरेको मीर फाउन्डेसन मुख्यतः एसिड आक्रमण पीडित र महिलाको हितका लागि सक्रिय छ । अघिल्लो समयमा पनि यस फाउन्डेसनले सामाजिक संकटमा अग्रणी भूमिका खेल्दै आएको छ । कोभिड-१९ महामारीको बेला अक्सिजन सिलिन्डरदेखि लिएर खाद्यान्न र स्वास्थ्य सामग्रीसम्म उपलब्ध गराएको स्मरणीय छ ।

पञ्जाब अझै बाढीको मारबाट पूर्णरूपमा उबरिसकेको छैन । सरकारी तथ्यांकअनुसार अहिलेसम्म ५३ जनाको मृत्यु भइसकेको छ भने २३ जिल्लाका हजारौं गाउँका लाखौं मानिस प्रभावित भएका छन् । हजारौं परिवारले आफ्नो घरजग्गा गुमाएका छन्, खेतीबाली र पशुधनमा समेत ठूलो क्षति पुगेको छ । यस्तो घडीमा विभिन्न संघसंस्था, स्वयंसेवक तथा व्यक्तिहरू राहतका लागि सक्रिय भइरहेका छन् ।

शाहरुख खानको पहललाई सामाजिक सञ्जालमा धेरैले सराहना गरेका छन् । पीडितको जीवन सामान्य बनाउन यस्ता सहयोग अझै आवश्यक रहेको राहतकर्मीहरूले बताएका छन् ।

# 'बागी ४' बक्स अफिसमा सुस्त



**काठमाडौं/एजेन्सी–** बलिउड स्टार टाइगर श्राफ अभिनीत चर्चित फिल्म 'बागी ४' दर्शकको मन जित्न असफल भएको देखिएको छ । यही भदौ २० (सेप्टेम्बर ५) मा रिलिज भएको फिल्मले पहिलो सातामै निराशाजनक कारोबार गरेको छ ।

छैटौं दिनको अद्यावधिक बक्स अफिस रिपोर्टअनुसार, 'बागी ४' ले मंगलबार जम्मा १.९३ करोड भारतीय रुपैयाँ मात्र कमाएको छ । यससँगै फिल्मको कुल आम्दानी ४१.६८ करोड रुपैयाँमा पुगेको छ । पहिलो दिन फिल्मले १२ करोड रुपैयाँ कमाएको भए पनि त्यसपछि दिनप्रतिदिन कम हुँदै गएको छ ।

बलिउडको यस ठुलो फ्रेन्चाइज फिल्मलाई यसपटक हलिउड फिल्मले पछि पारेको छ । 'द कन्ज्युरिङः लास्ट राइट्स' ले मंगलबार मात्रै २.५५ करोड कमाउँदै भारतमा आफ्नो कुल आम्दानी ६३.५५ करोड पुऱ्याएको छ । दर्शकले हलिउड फ्रेन्चाइजलाई बलिउडको तुलनामा प्राथमिकता दिएको देखिएको छ ।

फिल्म रिलिज भएलगत्तै सामाजिक सञ्जालमा दर्शकहरूले यसलाई कथाविहीन हिंसक प्रस्तुति भन्दै आलोचना गरेका छन् । टाइगर श्राफको दमदार एक्सन, बलियो स्टार कास्ट र ठुलो बजेट भए पनि फिल्मले दर्शकलाई आकर्षित गर्न सकेन ।

निर्देशक संजय गुप्ताले समेत सामाजिक सञ्जालमा टिप्पणी गर्दै भनेका छन्, 'फ्रेन्चाइज फिल्महरू मौलिक निर्देशक बिना असफल भइरहेका छन् । के निर्माताले यसबाट केही सिक्ने बेला आएको छैन ?'

'बागी' सिरिजको सुरुवात सन् २०१६ मा टाइगर श्राफ र श्रद्धा कपुरको जोडीसहित भएको थियो । त्यसयता श्रृंखलामा बनेका फिल्महरूले राम्रो व्यावसायिक सफलता पाएका थिए । तर चौथो भाग भने अपेक्षित सफलता दिन सकेन ।

'बागी ४' मा टाइगर श्राफसँगै सञ्जय दत्त, हरनाज सन्धु, सोनम बजवा, श्रेयस तलपडे, सौरभ सचदेवा, उपेन्द्र लिमये र शिबा आकाशदीप सबिरको प्रमुख भूमिका रहेको छ । फिल्मलाई ए. हर्षाले निर्देशन गरेका हुन् भने कथा-पटकथा र निर्माण साजिद नाडियाडवालाले गरेका हुन् ।

फिल्मको कमजोर प्रदर्शनले बलिउडमा 'फ्रेन्चाइज फिल्म'को भविष्यप्रति प्रश्न उठाएको छ । आलोचकहरू भन्छन्, दर्शक अब नयाँ कथा र मौलिकपन खोजिरहेका छन् । 'बागी ४' को यो निराशाजनक यात्रा बलिउड निर्माताका लागि ठुलो चेतावनी बन्न सक्छ ।

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ